का.जि.प्र.का.द.नं. १००/०५९/६०
१५ वैशाख २०८२,
सोमबार
28 April, 2025
Monday
मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक
ईपेपर हेर्न

वर्ष २३, अंक ८५ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com

# कठोर सत्ता उद्वेलित शिक्षक



लक्ष्मीकिशोर सुवेदी
अध्यक्ष
नेपाल शिक्षक महासंघ

यतिका दिनसम्म सरकारले शिक्षकका मागलाई बेवास्ता गर्दै भद्र आन्दोलनप्रति नजरअन्दाज गरेकाले आन्दोलनको स्वरूप परिवर्तन गर्नुपर्ने अवस्था आएको छ । विद्यालय शिक्षा ऐन आउने विश्वासिलो वातावरण नबन्दासम्म शिक्षकको आन्दोलन रोकिँदैन



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १४ वैशाख ।

कलम बोकेर कलिला बालबालिकालाई शिक्षाको जग हाल्ने शिक्षकहरू यतिबेला काठमाडौंका सडकमा चर्को घाम र असिना-पानी खेप्न बाध्य छन् । नेपाल शिक्षक महासंघको नेतृत्वमा २७ दिनदेखि सडक आन्दोलनमा उत्रिएका शिक्षकका मागबारे सरकारका प्रधानमन्त्री केपी शर्मा ओली कठोरताका साथ चुप बसेपछि शिक्षकहरू आइतबारदेखि उद्वेलित हुन थालेका हुन् ।

मुलुकका अभिभावक प्रधानमन्त्रीले नै विद्यालय शिक्षा ऐनको माग गर्दै सडकमा ओर्लिएका शिक्षकलाई लक्षित गर्दै 'ऐन बोक्न उत्रो मान्छेहरू किन आउनुपर्‍यो ?' भनेर शिक्षक आन्दोलनलाई बेवास्ता गर्दै आएका छन् । उनका पछिल्ला अभिव्यक्ति र व्यवहारबाट शिक्षकहरू पृष्ठ २ मा

### सर्वोच्चको आदेश

आन्दोलनरत शिक्षकहरूलाई ३ दिनभित्र विद्यालय फर्काएर पठनपाठन गराउने वातावरण बनाउन सर्वोच्च अदालतले दिएको आदेश सरकारले अवज्ञा गरेको छ । पृष्ठ २ मा

### यस्तो थियो सर्वोच्चको आदेश

- शिक्षकका जायज माग तत्काल सम्बोधन गर
- शिक्षकहरू ३ दिनभित्र फर्किएर पठनपाठन सुरु गर
- विद्यार्थीलाई पठनपाठन गर्नबाट बञ्चित नगर
- एसईईको परीक्षाफल समयमा नै प्रकाशन गर्ने वातावरण बनाऊ
- कक्षा १२ को परीक्षा तोकिएको समयमा गर, सो परीक्षा सार्न नलगाऊ

चिकित्सक आन्दोलन

## निर्वाह भत्ता खोज्दै सडकमा

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १४ वैशाख ।

केही दिनदेखि देशभरका चिकित्सक अत्यावश्यकबाहेकका सेवा बन्द गरेर आन्दोलनमा उत्रिएका छन् । सरकारले सुनिश्चित गरेको निर्वाह भत्ता कार्यान्वयन नभएको भन्दै आवासीय चिकित्सक सडक आन्दोलनमा आएका हुन् ।

आवासीय चिकित्सकलाई सरकारी आठौं तह सरह मासिक निर्वाह भत्ता उपलब्ध गराउनुपर्ने उनीहरूको माग छ ।

शुक्रबारदेखि सरकारी अस्पतालमा सेवा बहिस्कार गरेर सडक आन्दोलनमा उत्रिएका चिकित्सकहरूका कारण काठमाडौं उपत्यकाका वीर, टिचिङ, कान्तिलगायत ठूला अस्पतालमा ओपीडी सेवा संचालन हुन नसक्दा बिरामीहरू अस्पताल आएर स्वास्थ्य परीक्षणबिना पृष्ठ २ मा



## सांसद राई पक्राउ, बस्नेत अझै फरार
## कतिपयलाई देखेन सरकारले

सहकारी ठगी

**निमिष झा/मध्यान्ह**
काठमाडौं, १४ वैशाख ।

स्वर्णलक्ष्मी सहकारीको साढे २ अर्बभन्दा बढी रकम अपचलनमा तानिएकी नेपाली कांग्रेसकी सांसद माया राई पक्राउ परे पनि यस्तै मुद्दामा मुछिएकाहरू केही भने अनुसन्धानको दायराभन्दा बाहिर छन् ।

फरार रहेकी सांसद राईलाई प्रहरीले पक्राउ गरे पनि राप्रपा सांसद गीता बस्नेत अझै फरार छन् । सहकारी ठगीमै मुछिएका कांग्रेस उपसभापति धनराज गुरुङकी पूर्वपत्नी ज्योति गुरुङ पनि विगत ७ महिनादेखि फरार छन् भने एमाले बाग्मती प्रदेश सांसद ज्ञानबहादुर तामाङमाथि अनुसन्धान नै सुरु भएको छैन ।

### दबाबमा थिए गृहमन्त्री

प्रहरी स्रोतका अनुसार सांसद राईलाई पक्राउ गर्न गृहमन्त्री रमेश लेखक दबाबमा थिए । मन्त्री लेखकको ठाडो आदेशमा राई पक्राउ परेकी हुन् ।

सांसद राई सत्ता संरक्षणमा रहँदा सरकारकै आलोचना हुन थालेपछि दबाबमा आएर गृहमन्त्री लेखकले उनलाई पक्राउ गर्न आदेश दिएका थिए । उनी जनजाति कोटाबाट कांग्रेस केन्द्रीय सदस्य छन् । पार्टी सभापति शेरबहादुर देउवा पक्षमा रहेकी उनी समानुपातिक सांसद हुन् ।

ठगी प्रकरणमा मुछिएपछि महिनौंदेखि सत्ता संरक्षणमा रहेकी राईलाई प्रहरीले शनिबार उनकै निवास कपनबाट पक्राउ गरेको हो ।

राई कालीमाटीको स्वर्णलक्ष्मी सहकारीकी पूर्वसहसचिव हुन् ।

उनी सहसचिव हुँदा उक्त सहकारीमा घोटाला गरेको आरोप छ । यसबीच राईलाई ३ दिन हिरासतमा राख्न आइतबार काठमाडौं जिल्ला अदालतले अनुमति पनि दिएको छ ।

सहकारीका बचतकर्ताको रकम अपचलन भएको आरोपमा पूरक जाहेरी परेपछि प्रहरीले उनलाई हिरासतमा राखेर अनुसन्धान गर्ने छ ।

सांसद पद जोगाउन फरार रहेकै अवस्थामा राई वर्षे अधिवेशनको पहिलो दिन शुक्रबार संसद् पुगेर सुटुक्क हाजिर गरेकी थिइन् । फरार अवस्थामै उनले ११ लाख तलबभत्ता बुझेकी थिइन् ।

### कुन मुद्दा लाग्छ ?

२१ पुसमा प्रहरीले उक्त सहकारी ठगीमा ३९ जनाविरुद्ध मुद्दा दायर गरेको थियो ।

यसअघि संगठित अपराधको मुद्दा लगाइएकाले राईलाई पनि प्रहरीले ६० दिनसम्म हिरासतमा राखेर अनुसन्धान गर्न पाउँछ । उनीमाथि सम्पत्ति शुद्धीकरणको कसुर पनि आकर्षित हुने सम्भावना छ ।

प्रहरीको खोजी सूचीमा रहे पनि सरकारकै सहयोगमा उनी आफ्नै घरमा ढुक्कले बस्दै आएकी थिइन् । तर, जब गृहमन्त्री लेखकले उनलाई पक्राउ गर्न आदेश दिएका थिए, प्रहरीले उनको रेकी गरेको थियो । प्रहरीले उनी आफ्नै घरमै बस्दै आएको सूचना पृष्ठ २ मा

## रविविरुद्ध अर्को मुद्दा पनि अघि बढ्यो



वीरगंजको सानो पाइला सहकारी ठगी प्रकरणको अनुसन्धान सकेर प्रहरीले फाइल सरकारी वकिल कार्यालयमा बुझाएको छ ।

प्रहरी कार्यालय पर्साले अनुसन्धान पूरा गरेर उक्त सहकारीमा भएको ठगी प्रकरणको फाइल सरकारी वकिलको कार्यालय पर्सालाई बुझाएको हो ।

पर्सा प्रहरीका प्रवक्ता किशोर लम्सालका अनुसार सानो पाइला सहकारीको बचत हिनामिना प्रकरणमा ठगी र संगठित अपराध कसुरमा अनुसन्धान पूरा गरेर फाइल सरकारी वकिललाई पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## संघद्वारा ४ विशेष समिति गठन

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ वैशाख ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले व्यवसायीको हक, हित, सुरक्षा र संरक्षणका लागि ४ वटा विशेष समिति गठन गरेको बताएको छ । संघले द्वितीय उपाध्यक्ष देवकुमार खोखालीको संयोजकत्वमा वैदेशिक रोजगार विभाग समन्वय समिति, तृतीय उपाध्यक्ष बैकुण्ठ पौडेल (वैभव)को संयोजकत्वमा साउदी दूतावास समन्वय समिति, सचिव कुन्छा दोर्जे दिम्दोङको संयोजकत्वमा कम्पनीको सामाजिक उत्तरदायित्व अर्थात् सीएसआर तथा आपतकालीन व्यवस्थापन समिति र कोषाध्यक्ष धनमाया सिंजालीको संयोजकत्वमा आर्थिक व्यवस्थापन समिति गठन गरेको छ ।

संघका महासचिव महेशकुमार बस्नेतले समस्या तथा आवश्यकताबमोजिम सम्बन्धित संयोजकलाई प्रत्यक्ष सम्पर्क गर्न व्यवसायीहरूलाई जानकारी गराएको बताए ।

विभाग समन्वय समिति संयोजक खोखालीले समितिमा रहने अन्य सदस्यबारे छलफल भइरहेको भन्दै सोमबारबाटै विभागमा समन्वयको काम सुरु गर्ने बताए ।

संघको अघिल्लो कार्यसमितिले तत्कालीन सचिव कर्णराज कटुवालको संयोजकत्वमा १८ जना व्यवसायी विभागमा खटाएको थियो । कम्तीमा ३ जना व्यवसायीले विभागमा प्रत्येक दिन २ बजेदेखि ५ बजेसम्म उपस्थित भइ म्यानपावर कम्पनीविरुद्ध परेका उद्धार, राहत, फिर्ता तथा क्षतिपूर्तिका उजुरीमाथि अनौपचारिकरूपमा छलफल गरेर सहमति गराइ उजुरी फछ्र्यौटका लागि प्रयास गर्ने गरेका पृष्ठ २ मा

### महानिर्देशक भुसाल जिम्मेवारीमा जान हिचकिचाए

काठमाडौं/मस- वैदेशिक रोजगार विभागको महानिर्देशकमा नियुक्त जीवलाल भुसाल जिम्मेवारी सम्हाल्न अनिच्छुक देखिएका छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले विभागका तत्कालीन महानिर्देशक सूर्यबहादुर खत्रीलाई मन्त्रालयमा तानेर महानिर्देशकदेखि निर्देशकसम्मको सेट परिवर्तनगरेरमहानिर्देशकमा जीवलाल भुसाल, उपमहानिर्देशकमा चन्द्रबहादुर शिवाकोटी तथा निर्देशकमा टीका ढकाल र उपेन्द्र पौडेललाई पठाएको थियो ।



उपमहानिर्देशक, निर्देशक जिम्मेवारीमा गएपनि महानिर्देशक भुसाल ३ हप्ताभन्दा बढी समय गुज्रिसक्दा पनि विभाग हाजिर भएका छैनन् । उनले मन्त्रालयले दिएको जिम्मेवारी पूरा गरेर विभागमा हाजिर हुन पृष्ठ २ मा

हिमाल आरोहणमा कडाइ

## पहिलो पटकमै सगरमाथा चढ्न नपाइने



७ हजार मिटरभन्दा अग्लो कुनै एउटा हिमालचुली आरोहण नगरी सगरमाथा चढ्न नपाइने प्रावधानबाट पर्वतारोहणसम्बन्धी कार्य व्यवस्थित हुने छ



बद्रीप्रसाद पाण्डे
मन्त्री, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १४ वैशाख ।

सरकारले हिमाल आरोहणमा कडाइ गर्ने भएको छ । पहिलो पटकमै विश्वकै सर्वोच्च शिखर सगरमाथा हिमाल चढ्न नपाइने भएको छ । यस निम्ति सरकारले कानुन बनाएर कडाइ गर्न खोजेको हो ।

सरकारले हालै पर्यटन विधेयक ल्याएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले राष्ट्रियसभामा दर्ता गरेको विधेयकमा पहिलो पटकमै सर्वोच्च शिखर सगरमाथा चढ्न नपाइने प्रावधान छ ।

विधेयकको दफा ११ मा पर्वतारोहण गर्न अनुमति लिनुपर्ने र यससम्बन्धी प्रक्रियागत व्यवस्था छ । पर्यटन विभागले हिमाल आरोहण अनुमति प्रदान गर्छ । सगरमाथा चढ्न चाहनेले त्यसअघि नै ७ हजार मिटरभन्दा पृष्ठ २ मा

मध्याह्न
www.madhyanhadaily.com
१५ वैशाख २०८२ सोमबार
28 April 2025, Monday

# '७ महिनामै देशको रूप फेर्न सक्छु'

काठमाडौं/मस-नेकपा (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सुशासनको पक्षमा र भ्रष्टाचारविरुद्ध लडाइँ लड्ने पार्टी माओवादीमात्र भएको दावी गरेका छन् । तराई मधेश जागरण अभियानअन्तर्गत बाँकेको राप्ती सोनारीस्थित फत्तेपुरमा आइतबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष दाहालले माओवादीको पक्षमा देशैभर माहोल बन्दै गएको पनि दाबी गरे । आगामी आमनिर्वाचनमा माओवादी एक नम्बर पार्टी बन्ने दाबी पनि प्रचण्डले गरे । 'सुशासनको पक्षमा र भ्रष्टाचारविरुद्ध लडाइँ लड्ने पार्टी माओवादी हो । यो जनतालाई



महसुस भएको छ', उनले भने, 'मलाई लाग्छ, अलिकति जनताको घर-घरमा टोल-टोलमा गएर मेहनत गर्‍यौं भने आउने चुनावमा हामी एक नम्बर पार्टी बन्नेछौं र फेरि देशको नेतृत्व लिएर भ्रष्टाचारविरुद्ध र सुशासनको पक्षमा नयाँ लडाइँ लड्नेछौं । समाजवाद निर्माणतिर अघि बढ्नेछौं', अध्यक्ष दाहालले भने ।

अध्यक्ष प्रचण्डले एक नम्बर पार्टी बनेर देशको नेतृत्व लिएको अवस्थामा ७ महिनामै नेपालको रुप बदल्ने दावी पनि गरे ।

'तपाईंहरूले एकपटक संकल्प गरिदिनुभयो भने ७ महिनामै देशको रूप बदल्न सक्छौं । जनताको नेपाल बनाउन सक्छौं', उनले भने ।

# गगनविरुद्ध अवहेलना मुद्दा

**मध्याह्न संवाददाता**
काठमाडौं, १४ वैशाख ।



नेपाली कांग्रेसका महामन्त्री गगन थापाविरुद्ध अवहेलनाको मुद्दा दर्ता भएको छ । आइतबार सर्वोच्च अदालतमा थापाविरुद्ध अवहेलनाको मुद्दा दर्ता भएको हो ।

थापाले केही दिनअघि '५२ संवैधानिक पदाधिकारीहरूको मुद्दामा सर्वोच्च अदालतले डिल गरिरहेको' भन्दै अभिव्यक्ति दिएका थिए ।

संवैधानिक नियुक्ति भएका पदमा समयावधि सकिने बेला भइसकेको तर पनि फैसला नगरेको भन्दै उनले सर्वोच्चको कटाक्ष गर्दै अभिव्यक्ति दिएका थिए ।

उक्त अभिव्यक्तिलाई लिएर अवहेलना भएको भन्दै मुद्दा दायर भएको हो । अहिले संवैधानिक नियुक्तिको उक्त मुद्दा सर्वोच्च अदालतमा 'हेर्दाहेर्दै'मा छ ।

अधिवक्ता अनन्तराज लुइँटेल, अभिमा उप्रेती र विशाल थापाले थापाविरुद्ध मुद्दा दर्ता गरेका हुन् । निवेदनको पहिलो पेसी मंगलबार तोकिएको छ । उनीहरूले थापालाई अवहेलनामा कारबाही हुनुपर्ने माग गरेका छन् ।

मुद्दाको सुनुवाइ भइरहेका बेला त्यसलाई प्रभावित पार्ने अभिव्यक्ति दिएको भन्दै कारबाहीको माग निवेदकले गरेका छन् ।

थापाको यो अभिव्यक्ति स्वतन्त्र न्यायपालिकाको गरिमा र आस्थामा आघात पार्ने खालको रहेको भन्दै कारबाहीको माग निवेदनमा गरिएको छ ।

# यथार्थपरक नीति तथा कार्यक्रम ल्याउन संसदीय समितिको निर्देशन

**काठमाडौं/मस-** संसदको राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समितिले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि कार्यान्वन योग्य, यथार्थपरक नीति तथा कार्यक्रम ल्याउन सरकारलाई निर्देशन दिएको छ। आइतबार बसेको समिति बैठकले हचुवाको भरमा कार्यक्रमहरु नल्याउन प्रधानमन्त्री तथा मन्त्रीपरिषद्लाई भनेको हो। समिति बैठकका निर्णय सुनाउँदै समिति सभापति ठाकुर गैरेले विगतमा यथार्थपरक बजेट, नीति तथा कार्यक्रम आउन नसकेको बताउँदै आगामी वर्ष कार्यान्वयनयोग्य कार्यक्रमहरु ल्याउन निर्देशन दिए ।




समितिले सुरुङमार्ग केबलकार विद्युतीय रेलजस्ता आधुनिक यातायातका साधन सञ्चालनका लागि आवश्यक उच्चस्तरीय र मध्यमस्तरीय जनशक्ति उत्पादनका लागि ठोस योजना, कार्यक्रम ल्याउन सरकारलाई भनेको छ। समितिले सरकारलाई दिएको सुझावहरुमा विदेशबाट फर्किएका नेपाली कामदारहरुको अनुभव भरपूर उपयोग गरि आफ्नो जनशक्ति र स्रोत साधन प्रयोग गरी पूर्वाधार विकासमा जोड दिनुपर्ने, दिगो विकासका लक्ष्य हासिल गर्न आवश्यक मार्गदशनहरु नीति तथा कार्यक्रममा राख्नुपर्ने, जलवायु परिवर्तनका असरहरुलाई मध्यनजर गर्दै योजना निर्माण गर्दै कार्यक्रम तय गर्नुपर्ने, फलाम, तामा लगायत धातुजन्य, जुट, प्रारंगिक मल उद्योग सञ्चालान गर्न र संचालन गर्न आवश्यक पर्ने जनशक्ति उत्पादन र विश्व विद्यालयहरुलाई सो विषयसँग सम्बन्धित पाठ्यक्रम बनाई अध्ययन, अनुसन्धान गर्ने व्यवस्था मिलाउन समितिले सरकारलाई निर्देशन दिएको छ ।

समितिको बैठकमा नेपाली कांगेसका सांसद दिलेन्द्रप्रसाद बडूले नीति तथा कार्यक्रममा राखिएका विषयहरु नै लागू हुन नसकेको बताए । चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा गर्दै पुँजीगत बजेट खर्च गर्न नसकेकोमा सुधारका लागि नयाँ कार्यक्रमहरु ल्याइनुपर्ने बताए । उर्जा उत्पादनमा जलाशययुक्त योजना बनाउन निजी क्षेत्रलाई अझ सामेल गर्न प्रोत्साहन गर्नुपर्ने, जलाशययुक्त योजनाहरुबाट उत्पादित बिजुली अन्तर्राष्ट्रिय स्तरमा पुर्‍याउन प्रशारण लाइन बनाउन समेत निजी क्षेत्रलाई प्रोत्साहन गर्न जरुरी रहेको उनले बताए ।

नेकपा (माओवादी केन्द्र) का प्रमुख सचेतक हितराज पाण्डेले नीति तथा कार्यक्रममा समावेश हुने तर कार्यान्वयन नहुने रोग ज्यादा देखिएको भन्दै यसको उपचार गर्न जरुरी रहेको बताए । उनले खासगरी पुँजीगत खर्च गर्न सरकारहरु असक्षम देखिएको भन्दै विकास खर्च बढाउनेखालका कार्यक्रमहरु ल्याउन जरुरी रहेको बताए ।

नेकपा एमाले सांसद लालप्रसाद साँवा लिम्बूले नीति तथा कार्यक्रममा रुग्ण उद्योगका बारेमा समेत नीति तथा कार्यक्रमले समेट्न जरुरी रहेको बताए। उनका अनुसार नीजिकरण गरिएका कतिपय उद्योगको अवस्था जस्ताको तस्तै देखिन्छ । त्यस्तो खालको होइन पब्लिक, प्राइभेट पार्टनरसिपमा आधारित भएर अब त्यस्ता उद्योग सञ्चालन गरिनुपर्छ । राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद सन्तोष परियारले मुलुक गम्भीर तवरले परनिर्भरतातर्फ धकेलिएकाले आन्तरीक उत्पादन बनाउन नीति तथा कार्यक्रमले ध्यान दिनुपर्ने बताए ।

## कठोर...

सन्तुष्ट छैनन् । २६ दिनसम्म सडक आन्दोलनमा रहेका शिक्षकको माग सम्बोधन नभएपछि आइतबार बानेश्वरस्थित निषेधित क्षेत्र प्रवेश गरी प्रहरी ब्यारिकेड तोड्न खोज्दा प्रहरीसँग झडप नै भएको छ ।

शिक्षकले प्रहरी ब्यारिकेड भत्काएपछि रोक्न खोज्दा झडप भएको प्रहरीले जनाएको छ । सो क्रममा प्रहरीले पानीको फोहोरा प्रहार गरेको थियो भने भीडबाट प्रहरीमाथि इँटा र ढुंगा प्रहार भएका थिए ।

नेपाल शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले ५० भन्दा बढी शिक्षक घाइते भएका दाबी गरेका छन् । उनीहरूको सिभिल अस्पताल, एभरेस्ट अस्पताल र ट्रमा सेन्टरमा उपचार भइरहेको उनको भनाइ छ ।

तर, जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता अपिलराज बोहराले १५ जना शिक्षक घाइते भएका बताए । सामान्य लाठी चार्ज र पानीको फोहरा हानिएको उनले बताए ।

सरकारले यसअघि पटक-पटक शिक्षकसँग गरेका सहमति कार्यान्वयन गर्दै छिटोभन्दा छिटो विद्यालय शिक्षा ऐन ल्याउन माग गर्दै २७ दिनदेखि देशभरका सामुदायिक विद्यालयका करिब ७० हजार शिक्षक भद्र आन्दोलनमा थिए । शिक्षकको आन्दोलनका विषयमा सरकारले वार्ताको प्रयास गरे पनि शिक्षा विधेयक आउने विश्वासयोग्य वातावरण नबनेपछि संवादले मूर्त रूप लिन सकेको छैन ।

बिहानको १० बज्दा विद्यालयको कक्षाकोठामा पुग्नुपर्ने शिक्षकहरू २० चैतदेखि पूर्ण रूपमा शैक्षिक हडतालमा उत्रन बाध्य भएको बताउँछन् । २ वैशाखदेखि विद्यालय भर्ना अभियानलाई व्यापक बनाउने सरकारको तयारी भइरहँदा शिक्षकहरू माइतीघरदेखि वानेश्वरसम्मको सडकमा नाचगानसहित सौहार्द्र ढंगको आन्दोलनमा थिए । तर, आइतबारदेखि शिक्षकहरू आक्रामक बनेका छन् ।

यतिका दिनसम्म सरकारले शिक्षकका मागलाई बेवास्ता गर्दै आएकाले आन्दोलन नरोकिने नेपाल शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले बताए । अहिलेसम्मको भद्र आन्दोलनप्रति नजरअन्दाज गरेकाले आन्दोलनको स्वरूप परिवर्तन गर्नुपर्ने अवस्था आएको उनको भनाइ छ ।

यो विषयमा सत्ताको नेतृत्वकर्ता दल नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौलाले प्रतिपक्षीले शिक्षकहरूलाई अनावश्यक उत्तेजित गर्ने काम गरेको आरोप लगाएका छन् । शिक्षकहरूको आन्दोलनलाई गलत दिशातर्फ लैजानेगरी प्रतिपक्षीले अनावश्यक उत्तेजित गर्ने काम गरेको भन्दै उनले विपक्षी दल नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को आलोचना गरे ।

'प्रचण्ड सरकारमा हुँदा शिक्षकहरूसँग भएको सहमति कार्यान्वयन नहुँदा अहिलेको अवस्था आएको हो । अहिले आन्दोलनलाई उत्तेजित पार्न प्रतिपक्षी दलका नेता नै लाग्नुभएको छ । शिक्षकहरूका जायज मागलाई सरकारले सम्बोधन गर्छ, तपाईंहरूलाई विद्यालय फर्केर नियमित पठनपाठनमा लाग्न अनुरोध गर्दछु', उनले भने ।

संसद् र सांसदहरूलाई अनावश्यक दबाब दिएर कानुन बनायौं भन्ने जितको मनोबल बनाउने प्रयास त्याग्न बर्तौलाले शिक्षकहरूलाई सुझाव दिएका छन् । उनको यस्तो अभिव्यक्तिले सरकार शिक्षकका मागका विषयमा संवेदनशील भएर समस्या समाधानतर्फ लाग्ने संकेत नदेखिएकाले आन्दोलनलाई थप सशक्त बनाउन आवश्यक रहेको शिक्षक नेताहरूले बताएका छन् ।

## सर्वोच्चको...

गत बिहीबार ३ दिनभित्र शिक्षकका जायज माग पूरा गर्न तथा शिक्षकहरूलाई पनि विद्यालय फर्किएर पठनपाठन सुचारु गराउन दिएको अदालतको आदेशसमेत अवज्ञा भएको हो ।

न्यायाधीश नहकुल सुवेदीको इजलासले सरकार र शिक्षक दुवै पक्षलाई समस्या समाधान गर्न र विद्यार्थीको पढ्न पाउने हकको सुनिश्चितता गर्न सरकार र शिक्षक दुवैलाई बाध्यकारी आदेश दिएको थियो ।

'शिक्षकका जायज र संविधानसम्मत माग तत्काल सम्बोधन गर्ने सम्बन्धमा विपक्षी निकायहरूले उचित र आवश्यक निर्णय गरी यो आदेश प्राप्त भएका मितिले ३ दिनभित्र आन्दोलनरत शिक्षकहरू विद्यालयमा फर्की नियमित पठनपाठन गर्ने वातावरण सुनिश्चित गर्नू', आदेशमा भनिएको छ ।

अधिवक्ताद्वय श्रवणकुमार चौधरी र माधवराज शर्मा पोखेलले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, संघीय संसद् सचिवालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, शिक्षा विभाग र राष्ट्रिय परीक्षा बोर्डलाई विपक्षी बनाएर सर्वोच्चमा रिट निवेदन दर्ता गरेका थिए ।

शिक्षकको आन्दोलनकै कारण देशभरका सामुदायिक विद्यालयमा भर्ना अभियान प्रभावित बनेको छ भने राष्ट्रिय परीक्षा बोर्डले ११ वैशाखदेखि सुरु गर्ने तयारीमा रहेको कक्षा १२ को परीक्षासमेत २१ गतेदेखि गर्नेगरी सारेको छ ।

आदेश प्राप्त भएको मितिले चौथो दिन आदेश कार्यान्वयनको प्रगति सम्बन्धमा प्रतिवेदन पेस गर्नसमेत सर्वोच्च अदालतले शिक्षा मन्त्रालयलाई आदेश दिएको थियो । यद्यपि, अदालतको आदेशअनुसारको समयसीमा सकिए पनि सरकार र नेपाल शिक्षक महासंघबीच सहमतिको कुनै निष्कर्ष निस्कन नसकेको शिक्षा मन्त्रालय स्रोतले जनाएको छ ।

## निर्वाह...

नै फर्कनुपरेको छ । नेपाल चिकित्सक संघले बिहीबार विज्ञप्ति जारी गर्दै सरकारी अस्पताल, स्वास्थ्य विज्ञान प्रतिष्ठान र मेडिकल कलेजमा आकस्मिकबाहेक सबै सेवा बन्द गर्न अपिल गरेको थियो । सोहीअनुसार अधिकांश सरकारी अस्पताल, मेडिकल कलेज र केही निजी अस्पतालमा समेत सेवा अवरुद्ध भएका छन् ।

काठमाडौंका अधिकांश चिकित्सकहरू माइतीघर धर्नामा बसेका छन् । आन्दोलनकै क्रममा स्वास्थ्यमन्त्रीको ध्यानाकर्षण, मन्त्रालय घेराउलगायतका कार्यक्रम छन् ।

स्वास्थ्यमन्त्री प्रदीप पौडेलले आवासीय चिकित्सकलाई सरकारी सरह भत्ता नदिए निजी मेडिकल कलेजलाई सहयोग नगर्ने प्रतिबद्धता जनाएका छन् । यसैबीच चिकित्सा क्षेत्र र चिकित्सा शिक्षाका विज्ञहरूले आवासीय चिकित्सकहरूका समस्या समाधान गर्दै आन्दोलनको अन्त्यका लागि आह्वान गरेका छन् ।

आइतबार संयुक्त विज्ञप्ति जारी गर्दै उनीहरूले चिकित्सकको बौद्धिक श्रम शोषण कुनै पनि हालतमा स्वीकार्य नहुने बताएका छन । उनीहरूले निजी मेडिकल कलेज संचालकहरूले मुनाफा आर्जन गर्ने अभिलाषाभन्दा माथि उठेर स्नातकोत्तर तहका प्रशिक्षार्थी चिकित्सकहरूलाई निर्वाह भत्ता दिने विश्वव्यापी प्रचलनलाई स्वीकारेर विद्यमान संकटको अन्त्य गर्नेतर्फ लाग्न सुझाव दिएका छन् ।

शिक्षाविद् केदारभक्त माथेमा, प्रा.डा. सुरेशराज शर्मा, प्रा.डा. अर्जुन कार्की, प्रा.डा. मदनप्रसाद उपाध्याय, प्रा.डा. जगदीशप्रसाद अग्रवाल र डा. गुणराज लोहनीले संयुक्त विज्ञप्ति जारी गर्दै आवासीय चिकित्सकको भत्ताका विषयमा विश्वव्यापी प्रचलनअनुसार स्वीकार गर्न निजी कलेजहरूसँग आग्रह गरेका हुन् ।

'निजी मेडिकल कलेज संचालकहरूले मुनाफा आर्जन गर्ने अभिलाषाभन्दा माथि उठेर स्नातकोत्तर तहका प्रशिक्षार्थी चिकित्सकहरूलाई निर्वाह भत्ता दिने विश्वव्यापी प्रचलनलाई स्वीकारेर विद्यमान संकटको अन्त्य गर्नेतर्फ लाग्नु श्रेयष्कर हुने छ । प्रशिक्षार्थी चिकित्सकहरूको बौद्धिक श्रम शोषण कुनै पनि दृष्टिकोणले स्वीकार्य हुन सक्दैन', संयुक्त विज्ञप्तिमा भनिएको छ ।

चिकित्सा शिक्षा आयोगको १६औं बैठकले निजी मेडिकल कलेजका आवासीय चिकित्सकलाई सरकारी आठौं तहका मेडिकल अधिकृत सरह निर्वाह भत्ता दिने निर्णय गरेको छ । तर, निजी मेडिकल कलेज संचालकहरूले त्यसको विरोध गर्दै आइरहेका छन् ।

## सांसद ...

पाएपछि तत्काल पक्राउ गरेको थियो । पक्राउ गर्दा राईलाई धरपकड नगर्न पनि प्रहरीलाई आदेश दिइएको थियो ।

यसबीच सांसद राई पक्राउ परेको सूचना सभामुख देवराज घिमिरेलाई गराइएको छ ।

जिल्ला प्रहरी परिसर अपराध अनुसन्धान तथा कारबाही शाखाले संघीय संसद् सचिवालयलाई पत्र लेख्दै पक्राउबारे जानकारी दिएको हो ।

**बस्नेत अझै फरार**

राई पक्राउ गरे पनि यस्तै प्रकरणमा मुछिएकी राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)की सांसद गीता बस्नेत अझै फरार छन् । बस्नेतविरुद्ध चितवनको सनराइज र पूर्वी नवलपरासीको कावासोतीको छिपछिपे सहकारीको १६ करोड ६९ लाख हिनामिनामा मुद्दा दायर छ ।

सहकारी ठगीमा मुछिएपछि उनी करिब १ वर्षदेखि फरार छन् । तर, फरार अवस्थामै उनले संसद् सचिवालयबाट १६ लाखभन्दा बढी रकम बुझेकी छन् ।

१८ वैशाख २०८१ मा प्रहरीले जिल्ला अदालतबाट पक्राउ अनुमति लिएपछि उनी फरार छन् जबकि उनले सांसद पद जोगाउन सचिवालयमा आफू बिरामी परेको निवेदन दिएकी छन् ।

**गुरुङमाथि छैन अनुसन्धान**

ललितपुरको मितेरी सहकारी ठगीमा मुछिएका कांग्रेस उपसभापति धनराज गुरुङमाथि उजुरी परे पनि थप अनुसन्धान गरिएको छैन । प्रहरीले गुरुङसँग एक पटक मात्र सामान्य सोधपुछ गरेको छ ।

१४ करोड रुपैयाँ हिनामिनामा आरोपमा संलग्न उनकी पूर्वपत्नी ज्योति गुरुङ पनि विगत ७ महिनादेखि फरार छन् । सो सहकारी ठगी मुद्दामा हालसम्म १ जनालाई पनि प्रहरीले पक्राउ गरेको छैन ।

उक्त सहकारी ठगी प्रकरणमा अरूलाई पक्राउ गर्दा गुरुङलाई पनि प्रक्राउ गर्न बाध्य हुने भएपछि गृहमन्त्री लेखकले रोकेका प्रहरी स्रोतकै दाबी छ ।

**सांसद तामाङमाथि भएन अनुसन्धान**

नेसनल नमोबुद्ध सहकारी संस्था ठगी प्रकरणमा मुछिएका एमाले बाग्मती प्रदेश सांसद ज्ञानबहादुर तामाङमाथि अनुसन्धान नै सुरु भएको छैन। यस सहकारीमा करिब ११ हजार बचतकर्ताको १ अर्ब ५२ करोड रुपैयाँ हिनामिना भएको छ ।

सहकारीका तत्कालीन अध्यक्ष तामाङमाथि कुनै निकायले अनुसन्धान गरेका छैनन् ।

त्यस्तै, पोखराको सूर्यदर्शन सहकारीबाट १५ लाख पेस्की लिएका एमाले केन्द्रीय सदस्य राजीव पहारी पनि अनुसन्धानबाहिरै छन् । सरकारको दबाबमा प्रहरीले उनीमाथि मुद्दा चलाएको छैन । पोखरा महानगरको छानबिन प्रतिवेदन र सूर्यदर्शन सहकारीको वित्तीय विश्लेषण प्रतिवेदनमा पहारीले पेस्की लिएका देखिन्छ ।

## रविविरुद्ध...

पठाइएको हो । सानो पाइलाको बचत हिनामिनामा ४१ जनाविरुद्ध मुद्दा चलाउन सिफारिस गरिएको छ ।

उक्त प्रकरणमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति एवं तत्कालीन गोर्खा मिडिया नेटवर्कका प्रबन्ध निर्देशक रवि लामिछानेसहित ३० जनाविरुद्ध मुद्दा चलाउने राय सरकारी वकिललाई दिइएको छ ।

११ वटा संस्था र कम्पनीविरुद्ध पनि मुद्दा चलाउने राय दिइएको छ। मुद्दा चलाउन राय दिइएकामा लामिछाने र गोर्खा मिडियामा उनका साझेदारसमेत रहेका पूर्वडीआईजी छविलाल जोशी पनि छन् ।

सानो पाइला सहकारीको बचत हिनामिना प्रकरणमा प्रहरीले जम्मा २ अर्ब ३० करोड १४ लाख २९ हजार ८०० रुपैयाँ बिगो माग दाबी गरेको छ ।

पूर्वगृहमन्त्रीसमेत रहेका लामिछानेको हकमा ५ करोड ७४ लाख ३० हजार ३३३ रुपैयाँ बिगो मागदाबी गर्न राय दिइएको छ । त्यसैगरी जोशीको हकमा ३ करोड २४ लाख ३२ हजार ९९९ रुपैयाँ बिगो माग दाबी गरिएको छ ।

यस्तै, विभिन्न ५ वटा सहकारीको बचत रकम ठगीपछि गोर्खा मिडिया नेटवर्कका तत्कालीन अध्यक्ष जीबी राईलाई १० करोड ८१ लाख ५२ हजार ४६९ रुपैयाँ र हाल कास्की जेलमा रहेका कुमार रम्तेलसँग १५ करोड ५३ लाख ५३ हजार ३४६ बिगो माग दाबी गर्न प्रहरीले राय दिएको छ ।

अहिले लामिछाने र जोशी भैरहवा कारागारमा छन् भने रम्तेल पुर्पक्षका लागि कास्की कारागारमा छन् । यसअघि रवि, जीबी र छविविरुद्ध पोखरास्थित सूर्य दर्शन सहकारी, चितवनको भरतपुरस्थित सहारा सहकारी, काठमाडौंको कालीमाटीस्थित स्वर्णलक्ष्मी सहकारी र रुपन्देही बुटवलको सुप्रिम सहकारी ठगी प्रकरणमा मुद्दा चलिसकेको छ ।

जीबी, रवि र छविसहितविरुद्ध चलेका मुद्दामा रुपन्देही जिल्ला अदालतले छविलाई थुनामा पठाउन आदेश दिएको थियो । अन्य अदालतले भने रवि र छवि दुवैलाई धरौटीमा छाड्नेगरी राहत दिएका थिए ।

जिल्ला अदालतबाट धरौटीको आदेश हुँदा रवि प्रभु बैंकले जम्मा २ करोड ४० लाख रुपैयाँ बैंक ग्यारेन्टी बसिदिनाले जेल नगई छुट्न सफल भएका थिए ।

तर, धरौटी राखेर निस्किएका उनी २२ चैतमा उच्च अदालत दाङको बुटवल इजालसबाट भएको आदेशअनुसार अहिले भैरहवा कारागारमा थुनामा छन् । छवि त्यसअघि नै कारागारमा थिए । जीबी भने फरार छन् ।

## पहिलो...

अग्लो कुनै हिमाल आरोहण गरेको हुनुपर्ने शर्त छ। अन्यथा, सगरमाथा आरोहणको अनुमतिपत्र जारी हुने छैन ।

'यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपालको कम्तीमा ७ हजार मिटरभन्दा अग्लो कुनै एउटा हिमालचुली आरोहण गरेको अभिलेख पेस गरेपछि मात्र सगरमाथा आरोहणको अनुमतिपत्र जारी गरिने छ', प्रस्तावित विधेयकको दफा ११ को उपदफा ६ मा छ ।

आरोहणका लागि निवेदन दिँदा पर्वतारोहण दलको सदस्य, सम्पर्क अधिकृत, सरदार, पर्वतारोहण पथ प्रदर्शक र अन्य पर्वतारोहण सहयोगीका लागि नेपाल सरकारबाट मान्यता प्राप्त स्वास्थ्य संस्थाबाट पछिल्लो १ महिनाभित्र गरेको स्वास्थ्य परीक्षण प्रमाणपत्रसमेत पेस गर्नुपर्ने हुन्छ ।

प्राप्त निवेदन तथा संलग्न कागजात, पर्वतारोहण योजना र स्वास्थ्य परीक्षणको प्रमाणपत्र जाँचबुझ गर्दा हिमालचुली आरोहणका लागि अनुमति दिन उपयुक्त देखिएमा पर्वतारोहण मार्ग र शर्तहरू तोकी पर्वतारोहण अनुमति प्राप्त हुन्छ ।

स्वास्थ्य परीक्षण प्रमाणपत्रमा स्वास्थ्य स्थिति सन्तोषजनक नदेखिएको व्यक्तिलाई पर्वतारोहण गर्ने वा पर्वतारोहण दलसँग जाने अनुमति दिइने छैन ।

पर्वतारोहण गर्न पाउने समय, निवेदन दस्तुर, अनुमतिका शर्त, हिमालचुली आरोहणमा उपलब्ध हुनुपर्ने सेवा, गुणस्तर, पर्वतारोहीको उमेर र अनुभवसम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोकिन्छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री पाण्डे पर्वतारोहणसम्बन्धी कार्यलाई व्यवस्थित गर्न यस्तो शर्त राखिएको बताउँछन् । यस्तो प्रावधान ल्याउनुको कारणबारे विधेयकमा मन्त्री पाण्डे लेख्छन्, 'यस (प्रस्तावित प्रावधान)बाट पर्वतारोहणसम्बन्धी कार्य व्यवस्थित हुने छ ।'

मन्त्रालयका अनुसार आरोहीले ८ हजार मिटरमाथिका अग्ला हिमाल आरोहणका लागि रोज्ने क्रम बढेपछि त्यसलाई कम गर्न यस्तो नीति लिन लागिएको हो । अधिकारीहरूका अनुसार पहिलो पटकमै ८ हजार ८४८ मिटरको सगरमाथा हिमाल चढ्दा जाखिम बढी हुन्छ । केही कडाइ गर्दा सगरमाथा चढ्दा हुने जोखिम कम हुने र कम उचाइको हिमालमा आरोहीको संख्या पनि बढ्ने विश्वास सरकारको छ ।

यसअघि सरकारले सरकारी कर्मचारीसँगै आरोहीलाई समेत आरोहण दलको सम्पर्क अधिकृत बन्न बाटो खोलेको थियो । तर, जिम्मेवारी पूरा नगर्नेलाई कालोसूचीमा राखेर भविष्यपर्यन्त अयोग्य घोषित गर्नेगरी कडा व्यवस्था गर्नेगरी निर्देशिका बनाएको थियो ।

सरकारले पर्वतारोहण व्यवस्थित बनाउन भनेर आरोहण दलसँग जाने सम्पर्क अधिकृत नियुक्तिको मापदण्ड व्यापक फेरबदल गरेको थियो । पर्यटन विभागका पटक-पटकका छानबिनले यसअघि आरोहणमा देखिएका बेथितिमा सम्पर्क अधिकृतको मिलेमतो पाइएपछि कडाइ गरिएको हो ।

विभागले ल्याएको पर्वतारोहण दलसँग जाने सम्पर्क अधिकृत खटाउने मापदण्डसम्बन्धी निर्देशिका, २०८१ मा सम्पर्क अधिकृतका लागि योग्यता तोकिएको छ । २०६५ सालमा जारी भएको निर्देशिका खारेज गरी केही कडा प्रावधान राखेर नयाँ निर्देशिका ल्याएको हो ।

निर्देशिकामा नेपाल पर्वतारोहण संघ वा सगरमाथा आरोही संघको सिफारिसमा आरोहीलाई पनि विभागले सम्पर्क अधिकृत खटाउन सक्ने प्रावधान छ । यस्ता आरोही १८ देखि ६० वर्ष उमेर समूहका, स्वस्थ र पर्वतारोहण अनुस्थापन तालिम लिएका हुनुपर्ने शर्त राखिएको छ ।

सम्पर्क अधिकृतका रूपमा खटिएर जिम्मेवारी पूरा नगरेका वा कारबाहीमा परेर विभागको नकारात्मक सूचीमा रहेकाहरूले फेरि सम्पर्क अधिकृत बन्न पाउने छैनन् ।

निर्देशिकाले गरेका नयाँ प्रावधानसहितका विषयलाई ऐनमा समेट्नेगरी सरकारले कानुन नै बनाउन लागेको हो । यसनिम्ति विधेयक ल्याइएको हो ।

राष्ट्रियसभामा दर्ता भएको विधेयक अब सभामा प्रस्तुत हुन्छ । सभामा सैद्धान्तिक छलफल भएपछि सांसदहरूले ७२ घण्टाभित्र संशोधन हाल्न सक्छन् ।

## संघद्वारा...

थिए । समितिले गर्ने समन्वयका कारणले व्यवसायीविरुद्धका उजुरीको संख्या उल्लेख्य मात्रामा घट्दा विभागले त्यसलाई कार्यसम्पादनमा आफ्नो सफलता र उपलब्धि भन्दै महत्वका साथ प्रचारप्रसार गर्ने गरेको थियो । खासगरी वैदेशिक रोजगारबाट करार अवधिभित्र फर्केकामध्ये अधिकांश कामदार व्यक्तिगत कारणले फर्किने गरेका भएपनि स्वदेश आइपुगेपछि क्षतिपूर्तिको माग गर्दै उजुरी दिन हतारहतार विभाग पुग्ने र विभागले पर्याप्त छानबिन बिना नै उजुरी दर्ता गर्दा अनावश्यक झन्झट र तनाब सिर्जना हुने गरेको वैदेशिक रोजगार व्यवसायीहरूको भनाइ छ । गैरसरकारी संस्था तथा अनधिकृत युट्युबरहरूको उक्साहटमा उजुरी दर्ता गराउनेहरूका कारणले पनि समस्या देखिएकाले यसपटक विभागमा खटिने व्यवसायीलाई समस्या समाधानका लागि प्राविधिक तथा व्यवहारिक सीप बढाउन ओरिएन्टेशन नै दिएर पठाउने तयारी रहेको संयोजक खोखालीले बताए। समितिका अन्य संयोजकहरूले पनि समितिलाई पूर्णता दिएर जिम्मेवारी प्रभावकारी रूपमा सम्पादन गर्ने बताएका छन् ।

## महानिर्देशक...

जाने सार्वजनिक रूपमा बताएका छन् । तर मन्त्रालय निकट समाचार स्रोतले सचिवमा बढुवाको लाइनमा रहेका सचिव भुसाल विभागको जिम्मेवारीमा जाँदा तलमाथि हुने विश्लेषण गरेर मन्त्रालयमा नै बसिरहेको बतायो । हाल उपमहानिर्देशक शिवाकोटीले विभागको नेतृत्व गरिरहेका छन् ।

# 'बेडरुम'सम्म विचौलियाको पहुँच छ भन्ने आरोप प्रमाणित गर्न चुनौती

**काठमाडौं / मस–** प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले आफ्नो बेडरुमसम्म विचौलियाको पहुँच छ भनेर लाञ्छित गर्नेहरू आरोप प्रमाणित गर्न चुनौती दिएका छन् ।



मदनभण्डारी फाउण्डेशनको चौथो राष्ट्रिय सम्मेलनको आइतबार उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले भने, 'राजनीतिमा छिर्के दाउ हाल्ने, षड्यन्त्र गर्ने र झेली खेलाडीले लाज–सरम पचाएर यस्ता आरोप लगाउँछन् ।'

देशमा एमाले र नेपाली कांग्रेसको सहभागितामा सरकार बन्नु समयको आवश्यकता हो भन्दै उनले राजनीतिक स्थायित्व, विकास र सुशासनले गति लिन लागेका बेला सरकार र नेतृत्वविरुद्ध झुठा आरोप लगाउन थालिएको बताए ।

उनले भने, 'एमालेले आफूलाई आगामी निर्वाचनमार्फत निर्णायक राष्ट्रिय शक्तिमा रुपान्तरण गर्ने लक्ष्यमा छौं । हामी हाम्रा सही विचार, इमान र सत्यको राजनीतिबाट स्थापित हुन्छौं ।'

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा थाइल्याण्डबाट फर्केपछि सरकार ढल्छ भनेर भ्रम फैलाउनेहरुको टाउकामा अहिले चिसो पानी खन्याइएको महसुस भएको उनले टिप्पणी गरे । पार्टीभित्रको राजनीतिका हकमा धेरै आलोचनात्मक चेतमा जोड दिनु नपर्ने उल्लेख गर्दै प्रधानमन्त्रीले विश्लेषणात्मक चेत राख्न सुझाव दिए ।

'पार्टीभित्र एकताको चेत चाहिन्छ । विरोधीको आरोपको खण्डन गर्नुपर्छ । विरोधीसँग लड्न नसक्ने अनि पार्टीभित्र आलोचनात्मक चेत बोक्ने बाटो सही बाटो होइन', उनले भने ।

# सगरमाथा चढ्ने तयारीमा रहेका असई छन्त्याललाई बिदाइ

**काठमाडौं / मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले सगरमाथा संवाद कार्यक्रमको प्रवर्द्धनका लागि विश्वको सर्वोच्च शिखर सगरमाथा चढ्ने तयारीमा रहेका सशस्त्र प्रहरीका सहायक निरीक्षक दन्तबहादुर छत्याललाई बिदाइ गरेका छन् ।



प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा आइतबार प्रधानमन्त्री ओलीले असइ छत्याललाई सफल यात्राको कामनासहित बिदाइ गरे ।

यात्राका क्रममा जलवायु परिवर्तनको अवस्थाबारे पनि अध्ययन गरी रिपोर्टिङको तयारीमा रहेका छत्याललाई सगरमाथा संवाद लेखिएको व्यानर हस्तान्तरण गरिएको थियो । बिदाइ कार्यक्रममा नेपाल सरकारका मुख्यसचिव एकनारायण अर्याल, सशस्त्र प्रहरीका महानिरीक्षक राजु अर्याललगायत सहभागी थिए ।

नेपाल सरकारको आयोजनामा आगामी जेठ २ देखि ४ गतेसम्म काठमाडौंमा हुने सगरमाथा संवाद हुँदैछ ।

# राप्रपा नेता मिश्र र मेडिकल व्यवसायी प्रसाईंसहितलाई थप ७ दिन हिरासतमा राख्न अनुमति

**काठमाडौं / मस–** काठमाडौंको तीनकुनेमा भएको हिंसात्मक घटनामा संलग्न रहेको आरोपमा पक्राउ परेका राप्रपा नेता रवीन्द्र मिश्र, मेडिकल व्यवसायी दुर्गा प्रसाईंलगायत २४ जनालाई थप सात दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिइएको छ ।



उनीहरूलाई आइतबार काठमाडौं जिल्ला अदालतमा पेस गरिएकामा अनुसन्धानका लागि सात दिन म्याद थप गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता, प्रहरी उपरीक्षक अपिलराज बोहराले जानकारी दिए । जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले भने २० दिनको म्याद मागेको थियो ।काठमाडौं जिल्ला अदालतका न्यायाधीश ईश्वरीप्रसाद भण्डारीको इजलासले सात दिन हिरासतमा राख्न अनुमति दिएको हो । यसअघि वैशाख १० गते तीन दिन मात्रै म्याद थप भएको थियो । गत चैत १५ गते भएको उक्त घटनामा पक्राउ गरी परिसरले अनुसन्धान गरिरहेको छ । घटनामा ८५ जनालाई पक्राउ गरिएकामा २१ जना हाजिर जमानीमा छुटेका छन्भने ६४ जनामाथि अनुसन्धान भइरहेको छ । तीमध्ये प्रसाईं र मिश्रलगायत २४ जनालाई राज्यविरुद्धको अपराध र संगठित अपराधमा मुद्दा चलाइएको छ । बाँकीलाई भने आपराधिक उपद्रव र संगठित अपराधमा मुद्दा चलाइएको छ ।

तीनकुनेमा भएको प्रदर्शन हिंसात्मक हुँदा दुईजनाको ज्यान गएको थियो भने दर्जनौं घाइते भएका थिए । सरकारीलगायत निजी संरचनामा आगो लगाउने र तोडफोड गर्ने कामसमेत भएको थियो ।

# १४ वर्षीय बालकको गोली हानी हत्या, ४ जना पक्राउ

**सत्येन्द्रप्रताप सिंह / मध्यान्ह**
रौतहट, १४ वैशाख

रौतहट उत्तरी भेगमा रहेका वृन्दावन नगरपालिका वडा नं.७ का १४ वर्षीय कृष्ण प्रसाद यादवको शव चाँदी खोलामा विभत्स अवस्थामा फेला परेको छ । घरबाट मोटरसाइकल लिएर निस्केका यादवको गोली हानी हत्या गरिएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।





यादव यहि वैशाख ६ गते दिउँसो ४ बजेतिर बि आर ०५ डब्लु ०१३७ नम्बरको मोटरसाइकल लिएर घरबाट निस्किएका थिए । सोही दिनदेखि उनी सम्पर्कविहीन भएपछि परिवारले वैशाख ९ गते ईलाका प्रहरी कार्यालय गरुडाको महिला सेलमा हराइरहेका सम्बन्धी निवेदन दिएका थिए ।

लगातार खोजतलासका क्रममा वैशाख ११ गते गरुडा नगरपालिका वडा नं ८ स्थित चाँदी खोलामा यादवको शव फेला परेको थियो ।

शवको छाती र पेटमा गोली लागेको, घाँटी काटिएको जस्तो देखिने, पेटबाट भित्री अंगहरु बाहिरिएको तथा टाउकोको भाग कुहिएको अवस्थामा फेला परेको थियो ।

यस घटनापछि ईलाका प्रहरी कार्यालय गरुडाले अनुसन्धानलाई तीव्र बनाएको छ । अनुसन्धानका क्रममा प्रहरीले चार जनालाई पक्राउ गरेका छ ।

पक्राउ पर्नेहरूमा मुख्य अभियुक्त २५ वर्षीय नागेन्द्र सहनी, सहायक अभियुक्त २२ वर्षीय साधु भन्ने नागेन्द्र सहनी, मृतकको मोटरसाइकल ५ हजारमा किनेर ग्यारेजमा लुकाउने गौर नगरपालिका वडा नं ४ का विकाश पटेल र ग्यारेज संचालक अनिल साह रहेका छन् । प्रहरीका अनुसार, मृतक र अभियुक्त पक्षबीच लामो समयदेखि रिसिबी रहेको खुलेको छ ।

तीन वर्षअघि अभियुक्त नागेन्द्र सहनीका भतिजी मृतक यादवका बुबाको इँटा भट्टामा डुबेर मृत्यु भएको थियो । यस घटनापछि दुवै परिवारबीच तनाव चर्किएको थियो । त्यस्तै, मृतकका बुबामाथि अपहरण गरेको अभियोगमा नागेन्द्र सहनीका दाजु धर्मेन्द्र सहनीमाथि मुद्दा चलेको र उनी हालसम्म फरार रहेको प्रहरी अनुसन्धानमा खुलेको छ ।

अनुसन्धानका क्रममा वैशाख ६ गते अभियुक्तहरूले कृष्ण यादवलाई फोन गरेर चाँदी खोलाको नजिक बोलाएका थिए । गढीमाई मन्दिर नजिक पुग्दा उनीहरूले कृष्णलाई नियन्त्रणमा लिइ मोबाइल खोसेका र मोटरसाइकलमा तीनै जना सवार भइ चाँदी खोलातर्फ लगेका थिए । खोलामा पुगेपछि साधु भनिने नागेन्द्रले कृष्णलाई धकेली लडाएको र मुख्य अभियुक्त नागेन्द्र सहनीले छातीमा दुई राउन्ड गोली हानेर हत्या गरेको अनुसन्धानमा खुलेको छ ।

हत्या गरेपछि अभियुक्तहरूले मृतककै मोटरसाइकलमा घटनास्थलबाट भागेर नागेन्द्र सहनीको बहिनी ज्वाइँको घरमा पेस्तोल र मोटरसाइकल लुकाएका थिए । अर्को दिन बिहान मोटरसाइकल विकास पटेललाई बिक्री गरी मोटरसाइकल ग्यारेजमा लुकाइएको थियो । प्रहरीले घटनामा प्रयोग भएको कटुवा पेस्तोल र मृतकको मोटरसाइकल बरामद गरेको छ । ग्यारेज संञ्चालक अनिल साहले मोटरसाइकल टुक्रा पारेको समेत खुलेको छ । हाल अन्य शंकास्पद व्यक्तिहरूको पहिचान र खोजतलास कार्य जारी रहेको प्रहरीले बताएको छ ।

प्रहरीले प्रारम्भिक अनुसन्धान पश्चात ज्यान सम्बन्धी मुद्दा दर्ता गरेको छ । पक्राउ परेकाहरुलाई अदालतबाट म्याद थप अनुमती लिएर अनुसन्धान अगाडि बढाइएको प्रहरीले जनाएको छ । प्रहरीले घटनामा संलग्न अन्य व्यक्तिहरूलाई पनि चाँडै नियन्त्रणमा लिने प्रहरीको दाबी छ ।

# व्यवसायी चौलागाईंलाई पितृशोक



**काठमाडौं / मस–** वैदेशिक रोजगार व्यवसायी दुर्वासा चौलागाईंलाई पितृशोक परेको छ । राजधानीको लाजिम्पाटस्थित रोयल ओभरसिज नेपाल प्रा. लि.का एक्जिक्युटिभ डाइरेक्टर दुर्वासा चौलागाईंका पिता पर्शुराम चौलागाईंको निधन भएको हो ।

इटहरा सरोकार समाज नेपालका महासचिवसमेत रहेका दुर्वासा चौलागाईंका पिता पर्शुराम चौलागाईंको गत वैशाख १० गते बुधबार ललितपुरको धापाखेलमा निधन भएको हो ।

खोटाङको खिदिमा-७ मा जन्मिएर लामो समय मोरङको रतुवामाई-८ मा बसोबास गर्दै आएका स्व.चौलागाईं पछिल्लो समय धापाखेल-२३ हात्तीवन ललितपुरमा बस्दै आएका थिए । स्व.चौलागाईंका २ छोरी र २ छोरा रहेका छन् ।

**कर्मचारी आवश्यकता**

यस कम्पनीका लागि कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

- एकाउन्टेन्ट : २ (पुरुष/महिला)
कम्प्युटर सम्बन्धी दक्ष व्यक्ति तथा अंग्रेजी भाषा राम्रो जानेको हुनुपर्नेछ ।
- अफिस ब्वाई : २ (पुरुष)
अंग्रेजी भाषा राम्रो जानेको र बाइक लाइसेन्स भएको हुनुपर्नेछ ।

HUMAN CARE RESOURCE AND RECRUITMENT PVT.LTD
श्रम इजाजत नं.: १६१४/०७९/०८०
Sinamangal,Kathmandu, Nepal. Tel : 01-5916386. Mobile 9851061386, 9813574833
E-mail : humancare2001@gmail.com Web : www.humancarerecruit.com

**Vacancy Annoucement**

A fair and responsible foreign recruitment organization having requesting interested candidates to submit their application for the following position:

Positions:
- Accountant (Male/Female) - 2
- Public Relations Officer (PRO) (Male/Female) - 2
- Documentation (Male/Female) - 2

Salary Negotiation

Requirement:
★ Minimum Bachelor Degree Pass. ★ Fluency in English.
★ Good Computer Skills (Office Package, PhotoShop, PDF, Email, Scanning & More.)
★ Minimum 2 Years of experience in manpower field is mandatory.

Interested candidates send your CV to apply:
E-mail: sarojoli208@gmail.com 9851146989

Koperasi International Pvt. Ltd.
Tokha-9, Gongabu, (Shiva Mandir), Kathmandu, Tel.: 01-5912411

**Vacancy Announcement**

यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

Receptionist - 1 (Female)
- +2 pass in Qualification
- Smart & Confident
- Good Communication
- Minimum 2 yrs experience in Manpower fields.

Salary Negotiable

SEND YOUR CV: sundarnpo@gmail.com
Interview Date: 17 Baishak 2082 (30 April 2025)

SUNDAR NEPAL OVERSEAS PVT. LTD. Govt License No 1484/074/075
Sinamangal-9, Kathmandu, Nepal, Tel. 01- 4578460.
Mob No.: +977-9860480301, 9851231399

## Provincial Hospital, Bhadrapur

**Jhapa, Koshi Province, Nepal**

**Invitation for Quotation: PHB/SQ/WORKS/01/2081-82**

**First date of publication: April 28, 2025 (2082/01/15)**

1. Provincial Hospital, Bhadrapur invites electronic bid from duly eligible and qualified registered bidders for the below mentioned work under SQ procedure. Some of the qualification criteria are mentioned below, though the details are in the bidding document. Bidding is open to all eligible national bidders

| Contract No | Description of Works | Estimated amount (Without VAT) | Bid Security Amount (NRs.) |
|---|---|---|---|
| PHB/SQ /WORKS /01/2081-82 | Maintainance of OT rooms and ICU room at Koshi Pradesh Pradeshik Hospital | 17,06,464.28 | 48,500.00 |

Name of the Bank : **Rastriya Banijya Bank, Bhadrapur, Jhapa**
For bid document fee
Name of Office: **Pradeshik Aspatal Bhadrapur**
Office Code no. : **3700212011**
Office Account no.: **1000100201010001**
For security deposit
Name of Office : **Pradesh lekha niyantrak bhadrapur**
Office Account no. : **2210100202030000**

1. A complete set of Bidding documents may be downloaded from the PPMO E-Portal-www.bolpatra.gov.np/egp (e-GP II)
2. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
3. Bid document amounting of Nrs. 1,000.00 should be purchased online from https://sutrarevenue.fego.gov.np/ with revenue code no: 14229 or may be purchased by depositing the amount in the given bank details.
4. General Information related to Electronic Bids are:

| Last Date of Bid Submission | Bid Opening Date | Bid Validity Period | Bid Security Validity period |
|---|---|---|---|
| 2082/01/31, 12:00 at Office | 2082/01/31, 01:00 at Office | Minimum 45 days from the last date of bid submission. | Minimum 30 days beyond the bid validity period |

**Provincial Hospital, Bhadrapur**

## Shree Tribhuwan Secondary School

**Nayabazar, Dailekh, Karnali Province**

**Invitation For Bids**

**Notice No. 01/2081-082**

**First Date of Publication: 2082/01/15 (28 April 2025)**

1. Tribhuwan Ma.Bi. School, Narayan Municipality-01, Dailekh invites Online bids under e-procurement system from Nepalese eligible bidders for the following procurement as shown in the table below under National Competitive Bidding procedures.

| S. N. | Name of The Project | Contract Identification no. | Estimated Amount (Excluding Vat, PS and Contingency) | Bid Security Amount | Bid Document Amount | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|
| 1 | Tribhuwan Ma.Vi. Academic builiding Ground floor construction work (3S-9CR) Narayan-01, Dailekh | NCB/TSS/2081-082/Works/01 | 8,735,917.05 | 2,60,000 | 3000 | 2082 Jestha 14, 12:00 Noon |

**Principal**

मध्यान्ह
www.madhyanhadaily.com
१५ वैशाख २०८२ सोमबार
28 April 2025, Monday

## सम्पादकीय

# प्रेसमाथिको आक्रमण निन्दनीय

आन्दोलनरत शिक्षक र प्रहरीबीच झडप हुँदा एक पत्रकार घाइते भएकी छन् । प्रदर्शनकारी शिक्षकहरूमाथि लक्षित गरी प्रहरीले प्रहार गरेको पानीको फोहोराबाट टेलिभिजन पत्रकार सविना कार्कीको आँखामा गम्भीर चोट लागेको हो । चिकित्सकहरूका अनुसार आँखाको अवस्था कस्तो हुन्छ भन्ने अझै भन्न सकिने अवस्था छैन । रिपोर्टिङ गर्न पुगेकी पत्रकार कार्कीमाथि भएको यो आक्रमणको चर्को भर्त्सना भइरहेको छ । नेपाल पत्रकार महासंघसहित पत्रकारसँग सम्बन्धित संघसंस्थाले आपत्ति जनाइरहेका छन् । उपचार, क्षतिपूर्ति, दोषीमाथि कारबाहीदेखि प्रेस स्वतन्त्रता ग्यारेन्टीसम्मको माग भइरहेको छ । राजधानी उपत्यकामै १ महिनाअघि १ पत्रकारको ज्यानै गएको थियो ।

राजावादीहरूको आन्दोलनका क्रममा फोटो पत्रकार सुरेश रजकको मृत्यु भएको थियो । भिडियो खिच्न पसेको घरमै आगलागी हुँदा पत्रकार रजकको मृत्यु भएको थियो । त्यही आन्दोलनमा अरू केही पत्रकार घाइते भए । राजावादी आन्दोलनकारीले ठूला संचार माध्यमहरूकै कार्यालयमा आगजानीको प्रयास गरे । यी २ घटनाबाट राजधानीमा जारी प्रदर्शनहरूमा पत्रकार सुरक्षित नरहेकै निष्कर्षमा पुग्न सकिन्छ । पत्रकार महासंघका केन्द्रीय अध्यक्ष निर्मला शर्माको अभिव्यक्तिले झनै चिन्ता थपेको छ । शर्माका अनुसार अहिले 'पत्रकारको पहिचान हुँदा पनि सुरक्षित नहुने र पहिचान नहुँदा पनि सुरक्षित नहुने' परिस्थिति छ । पत्रकारको पहिचान नहुँदा असुरक्षा हुनु अस्वाभाविक होइन, तर पत्रकारको पहिचान हुँदा असुरक्षाको अनुभूति हुने कुरा गम्भीर छ किनकि प्रेस असुरक्षित र स्वतन्त्र नरहेको संकेतका रूपमा हामीले त्यस्तो अवस्थालाई बुझ्न सक्छौं ।

प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षाको वातावरण निर्माण राज्यको दायित्व हो । प्रस्ट परिभाषाकै कुरा गर्ने हो भने, सरकारको मूल दायित्व हो । तर, सरकारको नेतृत्व गरिरहेका प्रधानमन्त्री केपी शर्मा ओली आफैं पत्रकारिता क्षेत्रप्रति अविश्वास सिर्जना गर्न लागिपरेका छन् । केही दिन अगाडि मात्र आफ्ना बारेमा आएका समाचारहरूलाई लिएर आमसंचार माध्यमप्रति अविश्वास सिर्जना हुनेगरी बोलेका थिए । ओलीको भाषा पूर्वगृहमन्त्री रवि लामिछानेसँग मिल्थ्यो । लामिछानेले मिडिया संचालक र पत्रकारहरूलाई आफूसँग चुनाव लड्न खुलेआम अपिल गर्थे । प्रधानमन्त्री ओली र पूर्वगृहमन्त्री लामिछानेकै जस्तो मनोविज्ञान अरू पार्टी र नेताहरूमा पनि विगतमा देखिन्थ्यो । निष्कर्षमा भने प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षाको वातावरण देखिँदैन । यो भनेको हाम्रो लोकतन्त्र कमजोर हुनु हो किनकि स्वतन्त्र प्रेस र पत्रकारको सुरक्षा लोकतन्त्रको अनिवार्य शर्त हो । यसतर्फ राजनीतिक नेतृत्व सचेत बन्न जरूरी छ । आमसंचार जगत्माथिको आक्रमण आपत्तिजनक छ ।

# कार्बन संचितिमा नेपालको भूमिका

*यसरी नै तापक्रम वृद्धि भइरहने हो भने सन् २१०० सम्म ३ दशमलव १० डिग्री सेल्सियसले तापक्रम वृद्धि हुन सक्ने वैज्ञानिकहरूले चेतावनी दिइसकेका छन्...*

अग्रलेख



● शिवकुमार श्रेष्ठ (शिवांसु)

नेपालले कार्बन उत्सर्जनमा योगदान नगरे पनि जलवायु परिवर्तनको असर खेपिरहेको छ । यसको उचित क्षतिपूर्ति नेपालले पाउनुपर्छ । वन तथा वातावरण मन्त्रालयअन्तर्गत रेड कार्यान्वयन केन्द्रका अनुसार नेपालले वन जंगलमार्फत कार्बनडाइअक्साइड घटाई ६ वर्षमा २४ लाख टन कार्बन संचिति गरी सन् २०१८ देखि २०२४ सम्म गरेबापत १ अर्ब ६० करोड कार्बन विक्रीबापत क्षतिपूर्ति स्वरूपको रकम पाउनुपर्छ । प्रतिटन कार्बनको ५ अमेरिकी डलरका दरले सन् २०२४ अक्टोबरसम्मको प्राप्त गर्ने हो ।

नेपालको वन क्षेत्रबाट औसत १६७ टन कार्बन प्रतिहेक्टर संचिति भएको छ । नेपालको १३ जिल्लाका वन जंगलमार्फत कार्बन न्यूनीकरण कार्यक्रम सन् २०२८ सम्म संचालन गरी करिब ३ करोड ४२ लाख टन कार्बनडाइअक्साइड ग्यास कम गर्ने लक्ष्य लिएको छ । नेपालले लिफ कोलिजनमार्फत कार्बन व्यापार गर्छ ।

कार्बन व्यापारबाट प्राप्त हुने रकम स्थानीय लाभग्राही आदिवासी, जनजाति समुदायमा ८० प्रतिशत खर्च गर्नुपर्ने प्रावधान छ । यसका लागि बाँडफाँटको योजना तयार गरिएको थियो ।

कार्बन व्यापार सन् २०१८ मा नेपालको राष्ट्रिय रेड प्लस रणनीति राष्ट्रिय वन आधार तह स्वीकृत भएको थियो । ११ देखि २२ नोभेम्बर २०२४ सम्म अजरबैजानको बाकुमा भएको जलवायुसम्बन्धी कोप २९औं अन्तर्राष्ट्रिय सम्मेलनका बेला नेपालका तर्फबाट राष्ट्रपति रामचन्द्र पौडेलले पीडित मुलुकले कार्बन उत्सर्जन क्षतिपूर्ति पाउनुपर्ने आवाज उठाएका थिए ।

नेपालले सन् २०२८ सम्मका लागि हुने यस सम्झौताअनुसार ३ प्रदेशमा ३२ लाख हेक्टर वन क्षेत्रमा ७० लाख टन कार्बन संचिति गर्ने छ । यस कार्बन संचितिबापत १० करोड अमेरिकी डलर रकम प्राप्त गर्ने छ । यस सम्झौतामा कार्बनको मूल्य प्रतिटन २५ अमेरिकी डलर निजी कम्पनीलाई १० अमेरिकी डलर प्रतिटन सार्वभौम मुलुकलाई निर्धारण हुने छ । जलवायुको रकम बढाए पनि त्यसमा अनुदानभन्दा ऋणको मात्रा बढी हुने देखिएको छ ।

पृथ्वीको सबैभन्दा बाहिरी सतहमा रहेर पृथ्वीबाट परावर्तित भई बाहिर निस्कने तातो किरणलाई रोक्ने, पृथ्वीको तापक्रम क्रमिक रूपमा बढाउन भूमिका खेल्ने ग्यासलाई नै हरित गृह ग्यास भनिन्छ । हरित गृह ग्यासमा सबैभन्दा बढी भूमिका खेल्ने ग्यासमा कार्बनडाइअक्साइडलाई मानिन्छ । साथै, विभिन्न स्वरूपमा रहेका विभिन्न ग्यासहरूको वायुमण्डलमा प्रवेश गर्नुलाई मानिएको छ ।

वन विनाश तथा वन क्षयीकरणबाट हुने कार्बन उत्सर्जनलाई न्यूनीकरण गर्ने, वनको प्रभावकारी स्थापनामा सहजीकरण गर्ने र अभिवृद्धि गर्ने तथा यसको दिगो व्यवस्थापनमार्फत कार्बन संचिति क्षमता अभिवृद्धि गराउने कार्य गरेबापत विकासोन्मुख मुलुकलाई विकसित मुलुकबाट प्रोत्साहनका रूपमा प्राप्त हुने भुक्तानीको अवधारणालाई समग्रमा रेड प्लस भनिन्छ ।

रेड प्लसअन्तर्गत वन विनाशका माध्यमबाट हुने कार्बन उत्सर्जन न्यूनीकरण, वन क्षयीकरणका माध्यमबाट हुने कार्बन उत्सर्जन, वनबाट हुने कार्बन संचितिको संरक्षण, वनको दिगो व्यवस्थापन र वन कार्बन संचितिमा अभिवृद्धि गर्ने कार्य गरिन्छ ।

जसरी बढ्दो जलवायु परिवर्तनका कारण मानव सभ्यता, संस्कृति र पृथ्वीलाई नै चुनौती दिँदै महत्त्वपूर्ण मोडमा ल्याएको छ, यसरी नै तापक्रम वृद्धि भइरहने हो भने सन् २१०० सम्म ३ दशमलव १०



डिग्री सेल्सियसले तापक्रम वृद्धि हुन सक्ने वैज्ञानिकहरूले चेतावनी दिइसकेका छन् । यसबाट बच्न कोप २३ बाट प्राविधिक र अनुकूलन उपाय गर्नुपर्ने छ ।

जलवायु परिवर्तनका कारण अनपेक्षित र अतिवृष्टिका कारण नेपालले ११ असोज २०८१ मा भोग्नुपरेको धनजनको क्षति सर्वविदितै छ । जलवायु परिवर्तनका कारण अनपेक्षित र अधिक वर्षा भएका कारण निकै प्रभावित भएको हो ।

जलवायु परिवर्तनका कारण स्वच्छ पानीको स्रोत सुक्दै हिमालहरू क्रमशः काला पत्थरमा परिणत हुँदै गइरहेका छन् । त्यसका लागि संयुक्त राष्ट्रसंघीय जलवायु वित्त कोष वितरण प्रणाली सजिलो, विवेकपूर्ण र छिटो हुनुपर्छ । कोष अनुदानका रूपमा राष्ट्रिय बजेटरी प्रणालीमार्फत वितरण गर्नुपर्छ । हानि/नोक्सानी कोष वृद्धि गरी कम कार्बन उत्सर्जन गर्ने मुलुकहरूले थप दुःख कष्ट भोग्न नपरोस् ।

अमानवीय क्रियाकलापका कारण वायुमण्डलमा कार्बनडाइअक्साइड, कार्बन मनोअक्साइड, प्युरोन, मिथेन, नाइटस अक्साइड र ओजन तह विनाश गर्ने क्लोरोफ्लोरोकार्बन जस्ता ग्यासले ढाकिसकेको छ, जसको परिणामस्वरूप विकिरणको मात्राको धनत्व वातावरणमा उच्च हुन्छ । यसले वातावरण र वर्षामा असन्तुलन पैदा गर्छ । यस्तो असन्तुलनले सर्वप्रथम जलवायु तथा मौसममा प्रत्यक्ष रूपमा पर्छ । यसै कारण जल वाष्पीकरण अत्यधिक हुने र पानी पर्ने चक्रमा खलबल पुग्ने हुन्छ । दिगो विकासको अवधारणालाई आत्मसात् गरी पर्यावरणमैत्री विकास निर्माणको काम गरेमा वर्षात्जन्य बाढी प्रकोपबाट हुने क्षति न्यूनीकरण गर्न सकिन्छ ।

नेपालले पनि सौर्य, जलविद्युत् र वन जंगलको संरक्षण गरी कार्बन उत्सर्जन कम गर्न केही सहयोग गरिरहेको छ । नेपाल जलवायु जोखिमको १०औं स्थानमामा छ । नेपाल सन् २०४५ सम्म कार्बन तटस्थता हासिल गर्ने र सन् २०५० सम्ममा कार्बन उत्सर्जनमा कमी

> कार्बन उत्सर्जनमा योगदान नगरे पनि नेपालले जलवायु परिवर्तनको असर खेपिरहेको छ । यसको उचित क्षतिपूर्ति नेपालले पाउनुपर्छ । तर, सहमतिअनुसार नेपाल जस्ता उत्सर्जन होइन, संचितिमा सहयोग गर्ने देशले क्षतिपूर्ति पाउन सकेका छैनन्, जुन निकै विडम्बनाको विषय हो...

ल्याउने लक्ष्यमा लागिपरेको छ ।

हाल नेपालको कुल क्षेत्रफलको ४० दशमलव ६ प्रतिशत वन जंगल भए पनि सन् २०३० सम्म वन जंगलको क्षेत्रफल ४५ प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ । नेपालले वन क्षेत्र बढाएको छ । स्वच्छ ऊर्जा उत्पादन र आपूर्तिमा जोड दिएको छ ।

तापक्रम वृद्धिले हिमालहरू पग्लिई तल्ला तटीय क्षेत्रहरूलाई संकटमा पुऱ्याउँछ । तसर्थ, नगण्य कार्बन उत्सर्जन गर्ने मुलुकहरूले सबैभन्दा बढी क्षति भोग्नुपरेको छ । नेपालको सन्दर्भमा हिमालदेखि समुद्रसम्मको एकीकृत र समष्टिगत अनुकूलनको अवधारणालाई ल्याउनु जरुरी छ ।

जलवायु परिवर्तनको असर व्यापक भएकाले हाम्रा सामु धेरै चुनौती छन्, जसका लागि जलवायु न्याय, समता र क्षमताका आधारमा जल वित्त कार्बन उत्सर्जनका नवीन साझा परिमाणात्मक लक्ष्य निर्धारण गर्न र पृथ्वीको औसत तापक्रम वृद्धिलाई १ दशमलव ५ डिग्री सेल्सियसमा सीमित राख्न तथा हिमाली एवं अल्पविकसित मुलुकहरूलाई जलवायु न्याय एवं दिगो विकासमा सुनिश्चित गर्नु न्यायसंगत हुन्छ ।

राज्य संयन्त्रले विज्ञान प्रविधिलाई आत्मसात् नगरे वातावरणीय आधारमा विकास एवं जनताप्रति उत्तरदायी हुँदैन । तबसम्म प्राकृतिक विपत्तिबाट छुटकारा पाउन मुस्किल हुन्छ ।

## इतिहासमा आज

२८ अप्रिल १९७० मा अमेरिकी राष्ट्रपति रिचर्ड निक्सनले अमेरिकी लडाकु सेनालाई कम्बोडियाली अभियानमा भाग लिन औपचारिक रूपमा अधिकार दिएका थिए ।



२८ अप्रिल १९७८ मा अफगानिस्तानका राष्ट्रपति मोहम्मद दाउद खानलाई कम्युनिस्ट समर्थक विद्रोहीहरूको नेतृत्वमा भएको विद्रोहमा अपदस्थ गरी र हत्या गरिएको थियो ।



२८ अप्रिल १९८३ देखि पश्चिम जर्मन समाचार पत्रिका स्टर्नले एडोल्फ हिटलरको कथित डायरीबाट अंशहरू प्रकाशित थालेको थियो, जुन पछि जालसाजी भएको खुलासा भयो ।




२८ अप्रिल २००४ मा सीबीएस न्युजले अबु घराइब यातना र कैदी दुर्व्यवहारको प्रमाण जारी गरेको थियो । तस्बिरहरूले इराकी बन्दीहरूमाथि अमेरिकी सेनाबाट बलात्कार र दुर्व्यवहार देखिन्छ ।



# नेपाल निर्माणमा एनआरएनको भूमिका

विचार



● सोमनाथ सापकोटा

> एनआरएनए रेमिट्यान्स पठाउने मात्र होइनन्, उनीहरू नेपालका सांस्कृतिक दूत, पुल निर्माणकर्ता र परिवर्तनका बाहक हुन् । धेरै खालका क्षमता र अनुभव बटुलेका एनआरएनएहरूले नेपालको शैक्षिक, औद्योगिक र सामाजिक संरचना उन्नत बनाउन सक्ने ठूलो सामर्थ्य राख्छन्...एनआरएनए रेमिटचान्स पठाउने मात्र होइनन्, उनीहरू नेपालका सांस्कृतिक दूत, पुल निर्माणकर्ता र परिवर्तनका बाहक हुन् । धेरै खालका क्षमता र अनुभव बटुलेका एनआरएनएहरूले नेपालको शैक्षिक, औद्योगिक र सामाजिक संरचना उन्नत बनाउन सक्ने ठूलो सामर्थ्य राख्छन्...

संसारभर फैलिएका लाखौं गैरआवासीय नेपाली (एनआरएन) आज पनि नेपालको पहिचान, सपना र भविष्य बोकेर अघि बढिरहेका छन् । उनीहरूले विदेशमा काम र व्यवसाय गरेर आत्मनिर्भरता प्राप्त गरेका छन् तर उनीहरूको मन अझै पनि मातृभूमिप्रति गहिरो प्रेमले भरिएको छ ।

आज नेपालसँग एउटा सुनौलो अवसर छ- ग्लोबल प्रवासी नेपालीहरूको ज्ञान, अनुभव, सीप र सामर्थ्यलाई प्रयोग गरेर समृद्ध नेपालको सपना साकार पार्ने ।

एनआरएन रेमिटचान्स पठाउने मात्र होइनन्; उनीहरू नेपालका सांस्कृतिक दूत, पुल निर्माणकर्ता र परिवर्तनका बाहक हुन् । मेडिकल, इन्जिनियरिङ, कृषि, सूचना प्रविधि र व्यवसायको क्षेत्रमा अनुभव बटुलेका उनीहरूले नेपालको शैक्षिक, औद्योगिक र सामाजिक संरचना उन्नत बनाउन सक्ने ठूलो सामर्थ्य राख्छन् ।

नेपाली युवालाई मार्गदर्शन गर्ने, प्रविधि स्थानान्तरण गर्ने र स्थानीय संस्थासँग सहकार्य गर्नेजस्ता माध्यमबाट उनीहरूको ज्ञानले मानव संसाधनको स्तर उचाइमा पुऱ्याउन सक्छ ।

नेपालमा लगानी गर्ने अपार सम्भावना छ- पर्यटन, जलविद्युत्, जैविक कृषि, सूचना प्रविधिलगायतका क्षेत्रमा । विदेशमा व्यावसायिक सफलता हात पारेका एनआरएनहरूले आफ्नो पुँजी, सोच र अन्तर्राष्ट्रिय अनुभवसहित नेपालमा रोजगारी सिर्जना, नवप्रवर्तन र दिगो विकासमा टेवा दिन सक्छन् । स्टार्टअप, साना उद्यम, ग्रामीण पर्यटन वा हरित ऊर्जा क्षेत्रमा लगानी गरेर समाजमैत्री र लाभदायक परियोजनाहरू अगाडि बढाउन सकिन्छ ।

आज प्रवासी नेपालीहरूले नेपालको आर्थिक विकासमा ठूलो योगदान दिइरहेका छन् । तथ्यांकअनुसार नेपालको कुल गार्हस्थ्य उत्पादनको २९ प्रतिशतभन्दा बढी रेमिटचान्सबाट आर्जन हुन्छ, जुन विश्वमै उच्च दरमध्येको एक हो ।

यो आर्थिक जीवनरेखा लाखौं नेपाली परिवारको शिक्षा-दीक्षा, स्वास्थ्य र जीविकोपार्जनमा प्रत्यक्ष सहारा बनिरहेको छ । यदि यो आर्थिक शक्ति व्यवस्थित रूपमा उत्पादक क्षेत्रतिर मोड्न सकियो भने, त्यो समृद्ध नेपाल निर्माणको मेरुदण्ड बन्न सक्छ ।

त्यस्तै, एनआरएन नेपालका अन्तर्राष्ट्रिय ब्रान्ड प्रमोटर पनि हुन्, जहाँ आबद्ध नेपालीहरूले विदेशमा नेपाली संस्कृतिको प्रचारप्रसार, पर्यटन प्रवर्द्धन र सांस्कृतिक कार्यक्रमहरूको आयोजनमार्फत नेपालप्रति सकारात्मक धारणा निर्माण गर्न सक्ने सामर्थ्य राख्छन् ।

अर्कातर्फ, उनीहरूसँग अन्तर्राष्ट्रिय सम्बन्ध, संस्थागत पहुँच र नीतिगत सुझाव दिन सक्ने प्लेटफर्महरू छन् । सरकारले यो क्षमताको उचित प्रयोग गरेर देशका लागि दूरदर्शी नीति बनाउन उनीहरूलाई सल्लाहकारका रूपमा संलग्न गर्न सक्छ ।

धेरैजसो प्रवासी नेपालीहरू पहिल्यैदेखि सामाजिक क्षेत्रमा क्रियाशील छन्- विद्यालय निर्माण, छात्रवृत्ति, स्वास्थ्य शिविर, विपद् व्यवस्थापन आदिमा । अब यो सद्भावना र योगदानलाई दीर्घकालीन, पारदर्शी र राष्ट्रिय लक्ष्यसँग मिल्ने संरचनामा विकास गर्न आवश्यक छ ।

यस सामर्थ्यलाई पूर्ण रूपमा उपयोग गर्न सरकारले प्रवासीमैत्री नीति ल्याउन जरुरी छ । सम्पत्ति सुरक्षाको ग्यारेन्टी, लगानी प्रक्रिया सजिलो बनाउने, दोहोरो नागरिकता जस्ता अधिकार सुनिश्चित गर्ने, एनआरएन लगानी डेस्क स्थापना गर्नेजस्ता कदमले विश्वास जगाउन सक्छन् ।

राष्ट्रिय दीर्घकालीन समृद्धिका लागि, जनसमावेशी शासन प्रणाली, युवामा लगानी, ग्रामीण विकास, प्रविधिमैत्री संरचना र वातावरणीय दिगोपन जस्ता क्षेत्रमा प्राथमिकता दिनु अत्यावश्यक छ । आजको युगमा नेपालको समृद्धि केवल भित्रका नागरिकले होइन, बाहिर रहेका नेपालीहरूको जोश, सोच र समर्पणले पनि निर्देशित हुन्छ ।

यदि हामी प्रवासी नेपालीहरू एकताबद्ध भएर साझा लक्ष्यमा अघि बढ्यौं भने समृद्ध र स्वाभिमानी नेपाल केवल सपना होइन- हाम्रो साझा गन्तव्य बन्न सक्छ ।

(सापकोटा एनआरएनए अन्तर्राष्ट्रिय समन्वय परिषद्का उपमहासचिव हुन् ।)

## सामाजिक सञ्जाल



**सूर्यराज आचार्य**

मुलुकमा राजनेताको त खडेरी थियो नै, अब राजनीतिक संस्थापन भन्ने जिनिस पनि सकिँदै छ । सरकारभित्र-बाहिरका सबै आन्दोलनकारी ! कुनै डेलिभरी/उत्पादन नगरीकन नागरिकको श्रम बेचेर आएको रेमिटचान्सका भरमा चलेको देशमा सबैलाई आन्दोलनकारी हुने सुविधा हुन्छ । हेरौं, यस्तो शैली कति टिक्ने हो !



**कृतिका थारु**

ए सरकार ! सहकारी ठगीमा फरार सांसदहरूले २७ लाख तलब भत्ता बुझ्दा तिम्रा पुलिस र ती तलब खुवाउने कर्मचारी कहाँ थे ? यहाँ अदालत खै ? के तिनलाई कारबाही गर्न सक्छौं ? स्वस्थ आलोचना गर्दा 'राजावादी'को घानमा हाल्ने तिमी जस्तालाई शासक मान्नुपर्दा आफैंलाई घृणा लाग्छ !



**रोशन सिवाकोटी**

एउटा पार्टीको बहुमत नभएपछि गठबन्धन बन्नु वा भत्कनु स्वाभाविक हो तर त्यो विधिसम्मत हुनुपर्छ । कुन पार्टीसँग के साझा कार्यक्रममा गठबन्धन गर्ने वा नगर्ने भन्ने पार्टीमा औपचारिक छलफल र निर्णयबाट हुनुपर्छ । हाम्रोमा देशी/विदेशी बिचौलियाले गठबन्धन बनाउने, भत्काउने गर्छन् । यो माफियातन्त्र हो ।



**हरि रोका**

शिक्षामन्त्रीको जागिरका लागि माननीय रघुजी पन्तलाई बधाई, शुभकामना ! बसाइँसराइका कारण सबै विद्यालय खुम्चँदै छन् । बसाइँसराइका कारण सार्वजनिक शिक्षा र स्वास्थ्यमाथि चरम अविश्वास रहेको छ । शिक्षा र स्वास्थ्यमा पुनर्संरचना आवश्यक छ । तर, मूलधारका पार्टीहरू, खासमा एमाले तयार छैन । पन्तजीको जागिर सुखद रहोस् ।

# जेष्ठ नागरिकलाई लिएर तीर्थमा हिंडे वडाध्यक्ष पौडेल

**सरु भुसाल / मध्यान्ह**
अर्घाखाँची, १४ वैशाख




बुढेसकालको जीवन, एकै ठाउँमा बस्दाबस्दै वाक्क र थकित भएका हुन्छन् जेष्ठ नागरिकहरु । घरमा हुर्के बढेका छोराछोरी तथा नातिनातिनासँग बारम्बार भेट गर्ने र गफ गर्ने अवसर उनीहरुलाई छैन । जेष्ठ नागरिकको समस्या बुझ्दै पाणिनी गाउँपालिका वडा नम्बर ६ ले ज्येष्ठ नागरिकलाई अन्तरजिल्ला भ्रमण तीर्थयात्रा गराएपछि यहाँका जेष्ठ नागरिक खुसीले दंग छन् । ज्येष्ठ नागरिकको तीर्थयात्रा टोलीलाई स्थानीय वडाबासीले धातिवाङबाट बिदाई गरे । धातिवाड ६ नम्बर वडालाई साँच्चै नमुना वडा बनाउने अभियानमा लागेको बताउँदै वडाध्यक्ष जेष्ठ नागरिक लिएर तीर्थ निस्किएका हुन् ।

पाणिनी ६ का नागरिकको न्यूनतम आवश्यकतालाई पूरा गर्न योजनाबद्ध रूपमा अगाडि बढेको वडा नम्बर ६ का अध्यक्ष कृष्ण पौडेलले बताए । उनले औपचारिक विद्यालयको शिक्षासँगै आफूले जीवनमा भोगेका भोगाइ र शिक्षा ज्येष्ठ नागरिकबाट पनि सिक्नुपर्ने भन्दै ज्येष्ठ नागरिकलाई सधैं सम्मान गर्नुपर्ने बताए ।

अहिले वडा नम्बर ६ ले सबै ज्येष्ठ नागरिकका लागि सम्मानस्वरूप विभिन्न योजना बनाएर कार्यक्रम अगाडि बढाइरहेको हुँदा आगामी दिनमा अन्य वडामा पनि यस प्रकारको कार्यक्रम ल्याउन सुझाव दिएको अध्यक्ष पौडेलले दावी गरे ।

उनले ज्येष्ठ नागरिकमा वृद्धहरुको सम्मानमा सिमित बजेट व्यवस्थापन गर्ने गरेको बताए । अहिलेको व्यस्त समयमा घरपरिवारले ज्येष्ठ नागरिकलाई समय दिन नभ्याउने तथा दिनभर घरमा बसिरहेका बुबाआमालाई नयाँ ठाउँको अवलोकन तीर्थ गराउने उद्देश्यले वडाको वार्षिक बजेटबाट भ्रमणमा लगिएको वडाध्यक्ष पौडेलको भनाइ छ । नयाँ ठाउँको विकास तथा पछिल्ला दिनमा भएका परिवर्तनबारे प्राय:वृद्धवृद्धा बेखबर रहने, कतिपय जेष्ठ नागरिक घरबाट गाउँटोलबाट बाहिर ननिस्किएका पनि भएकाले उनीहरूको सम्मानस्वरूप ३ दिने भ्रमण तथा तिर्थयात्रामा लगिएको हो ।

तीर्थ यात्रामा गएका जेष्ठ नागरिकलाई बागलुङको धार्मिक तथा ऐतिहासिक पर्यटकीय स्थल बागलुङ कालिका मन्दिरको दर्शन गराइ मुक्तिनाथ कागबेनी पोखराका विभिन्न पर्यटकीय स्थलहरुको अवलोकन गराइएको थियो ।

यस्तै भ्रमणमा सहभागीमध्ये ज्येष्ठ नागरिक श्यामप्रसाद पौडेलले पछिल्लो समय वृद्धवृद्धालाई उचित सम्मान नगरिरहेको अवस्थामा वडाले यसरी सम्झिएर भ्रमणमा लगेर विभिन्न धार्मिक पर्यटकीय क्षेत्रको अवलोकन गराउँदा निकै खुसी व्यक्त गरे ।

आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रमबाट विनियोजित ३ लाख बजेटले ४६ जना जेष्ठ नागरिक, जनप्रतिनिधि, कर्मचारी गरी ६५ जना सहभागी भएको जनप्रतिनिधि हरि पौडेलले बताए ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६९/१०/२५ मा दर्ता भएको **बाबु सरसफाई बगैंचा प्रा. लि. (प्रा.लि. नं. १०९२६२)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हकदावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७७/१२/०१ मा दर्ता भएको **प्रा. लि. नं. (२५७७८९) को महादुत हनुमान कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि १ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

---

**लिलाम विक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०१/१५**

यस सा.व.उ.स. बाट संकलित साल गोलिया काठ ७२८.५० क्यू फिट र साल दाउरा २ चट्टा लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

**लेकैश्वाँरा सा. वन उपभोक्ता समूह, बन्दिपुर ६, तनहूँ ।**

---

**लिलाम विक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०१/१५**

यस सा.व.उ.स..वाट संकलित साल गोलिया काठ १०२४.९६ क्यू फिट, खयर काठ १६५.८६ क्यू फिट (हर्ट उड) र साल दाउरा २.५ चट्टा लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

**सोलीघोप्टे सा. वन उपभोक्ता समूह, देवघाट ५, तनहूँ ।**

---

## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय
**तनहुँ**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति: २०८२/०१/१५**

यस कार्यालयबाट मिति २०८१/११/२८ मा मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हानको सूचना आनुसार पेश हुन आएका Bid Response Document हरु मध्ये देहाय बमोजिमको न्यूनतम मूल्याङ्कित बोलपत्र सारभूत रूपमा प्रभावग्राही भएकोले स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं | ठेक्का नं. | कामको विवरण | सफल बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (मु.अ.कर र पी.एस सहित) |
|---|---|---|---|---|
| 1 | 01/081/82/ WSSDO/ Tanahun | Construction Treatment Plant in Jaluke Water Supply Project, Gaindakot 1-4, Nawalpur. | City Village Builders, Thimi | 1,04,92,248.39 |

**डिभिजन प्रमुख**

---

**मलेशियामा रोजगार**

कम्पनी: TAFADHDAL SECURITY SDN.BHD — शहर: Malaysia
पूर्व स्वीकृत मिति: २०८२/०१/१४ — चलानी नं.: ६०२३६७३५ — L.T. No.: 322727

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Security Guards | 50 | 0 | स. काममा दक्ष | 1700 | ४४,५९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ बैशाख २२ गते (5 May 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा. लि.** — श्रम इजाजत नं. ७७९/०६५/०६६
Pulchowk, Lalitpur | Tel: 5409108 , 5450061 | Email:-gorkhahrs779@gmail.com
Mobile: 9849835502, 9818106406, 9813571379, 9802853456, Chitwan : 9865087111 Ithari : 9851060167, Pokhara: 9802853454

---

**यु. ए. ई. मा रोजगार**

कम्पनिको नाम: Base General Contracting Co. LLC, Dubai, UAE
पूर्व स्विकृती मिति : २०२५/०१/१९, लट नं.: ३१७३१०, चलानी नं.: ६०२३१५१६

| SN | कामदारको पद | माग संख्या पुरुष | मासिक तलब AED | मासिक तलब NRS | न्युनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा सुविधा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HELPER | 1 | 1000 | 36347 | सम्बन्धित काममा दक्ष | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ बर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने वा नदिने | स्वदेशमा लाग्ने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने वा नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने, कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | प्रबर्द्धन शुल्क |
|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने, रोजगारदाताले | नि:शुल्क | नि:शुल्क | कामदार आफै | नि:शुल्क |

**अन्तर्वार्ता कम्पनीको प्रतिनीधिबाट २०८२ बैशाख २२ गते यस प्रा. लि. मा हुनेछ ।**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

LIC NO.: 17/047/048

**Good Life International Employment Agency Nepal Pvt. Ltd.**
Kathmandu-32, Koteshwor, Nepal, Tel. No.: 01-5100669, E-mail: info.goodlifenepal@gmail.com

---

**साउदीमा रोजगार**

कम्पनी: SHALFA FACILITIES MANAGEMENT COMPANY — शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०८२/०१/१२ — चलानी नं.: ६०२३६७०० — L.T. No.: 322601

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facilities Cleaning Worker | 100 | 0 | स. काममा दक्ष | 1000 | ३६,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख २२ गते (5 May 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**सन लाईट ह्युमन रिसोर्स प्रा. लि.** — Lic No. 689/063/064
सामाखुसी-०३, काठमाडौं, फोन: ४९८४८३२, ४९८४८३३, 9802341585 , 9700558336, 9864827296

---

**नेपाल सरकार**
**युवा तथा खेलकुद मन्त्रालय**
## राष्ट्रिय युवा परिषद्
**सानोठिमी, भक्तपुर**

**प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

**(प्रकाशित मिति: २०८२/०१/१५)**

यस परिषद्को आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "रोजगारमूलक सीप विकास तालिम" कार्यक्रम संचालन गर्ने प्रयोजनार्थ मिति २०८१/१२/१३ गते प्रकाशित आशयपत्र माग सम्बन्धी सूचना अनुसार पेश भएका आशयपत्रहरुको मूल्यांकनबाट छनौट भई मिति २०८२/०१/१२ गतेको सूचना अनुसार संक्षिप्त सूचीमा सूचीकृत भएका आशयपत्रदाताहरुबाट सार्वजनिक खरिद ऐन २०६३ को दफा ३१ तथा नियमावली, २०६४ को नियम ७१ बमोजिम मिति २०८२/०१/२९ गते दिउँसो १२ बजे भित्र यस परिषद्मा प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । सो को विस्तृत विवरण यस परिषद्को वेवसाईट www.nyc.gov.np बाट हेर्न तथा डाउनलोड गर्न सकिनेछ ।

**प्रशासकीय प्रमुख**

---

**मधेश प्रदेश सरकार**
**उर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय**
**भूमिगत, जलश्रोत तथा सिंचाइ विकास डिभिजन**
**बिरगंज, पर्सा**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति: २०८२/०१/१५**

यस भूमिगत, जलश्रोत तथा सिंचाई विकास डिभिजन, बिरगंज, पर्साबाट मिति २०८१/१२/०८ गते नागरिक दैनिकमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धि सूचना अनुसार तोकिएको म्याद भित्र दर्ता हुन आएको बोलपत्रहरु मध्ये निम्न बोलपत्रहरु सारभुतरुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | निर्माण कार्यको नाम | कबोल अंक रु. (मु.अ.कर बाहेक) | बोलपत्र दाताको नाम, ठेगाना |
|---|---|---|---|
| GWBRJ/ NCB/081-82/01 | Construction of 250/150mm dia. Deep Tubewell, Electrification works, Overhead Tank construction at Devtal-06, Jabaka, Bara. | २८,८०,१४८.७५ | श्री सत्यम बोरिंग उधोग, बिरगंज-०१, पर्सा |
| GWBRJ/ NCB/081-82/02 | Construction of 250/150mm dia. Deep Tubewell, Electrification works, Overhead Tank construction and MS Fitting works at Birgunj -18, Bhawanipur, Parsa. | २८,४८,२१६.७५ | श्री सत्यम बोरिंग उधोग, बिरगंज-०१, पर्सा |

---

## भागेश्वर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**बगरकोट, डडेल्धुरा**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति: २०८२/०१/१५**

यस कार्यालयबाट तपशिलमा उल्लेखित निर्माण कार्यका लागि मिति २०८१/१२/२५ गते सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनाअनुसार तोकिएको समयभित्र पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिश भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| S. N. | Contract Identification No. | Description Of Works | Bidder Name and Address | Bid Price (Excluding VAT & PS) (Nrs.) |
|---|---|---|---|---|
| 1 | BRM/DAD/SQ/ Works/2081-082/05 | Construction of Udi Kalena Aradi And Bursha Suni Pokhari Sadak Project | Bhupendra Nirman Sewa-Dadeldhura | 673,198.30 |
| 2 | BRM/DAD/SQ/ Works/2081-082/06 | Construction of Guyala Lekuda Matela And Dhaulago Chudeli Sadak Project | Bhupendra Nirman Sewa -Dadeldhura | 930,309.60 |

**प्रमुख प्रशासकीय अधिकृत**

---

## Gujara Municipality
## Office of the Municipal Executive
**Simara Bhawanipur, Rautahat**
**Madhesh Pradesh, Nepal**

### Invitation for Bids

**Invitation for Bids No.: GUJMUN/NCB/GOODS/05/2081-82**
**Date of publication: 28-04-2025**

1. Gujara Municipality, Simara invites electronic bids from Nepalese eligible bidders for the supply of " The Procurement of Sanitary Pads Gujara Municipality Rautahat " under National Competitive Bidding procedures.The estimated amount for this work is Rs. 18,35,000/- (Excluding VAT)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at PPMO website www.bolpatra.gov.np/egp.

   **Information to deposit the cost of bidding document in Bank:**

   **Name of the Bank : NIC ASIA BANK, Simara Bhawanipur Branch**
   **Name of Office : Gujara Municipality, Simara Bhawanipur, Rautahat**
   **Office Account No. : ga-1-1 (Antarik Rajaswa Khata) 2172050028445002**
   **Office Account No : ga – 03 – (Dharauti Khata) 46CA051251652406**
3. Electronic bids must be submitted to the office Gujara Municipality, Simara, Bhawanipur, Rautahat, Madhesh Pradesh, through PPMO website www.bolpatra.gov.np/egp on or before 28-05-2025 12:00. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 28-05-2025 13:00 at the office of www.bolpatra.gov.np/egp. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 62000.0, which shall be valid for 30 days beyond the validity period of the bid.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. For any quarries and updates contact at +9779851223812

| S. No. | Contract ID No. | Descriptions of Work | Cost of Bid Cost of Bid Document (Non- Refundable) | Bid Security Amount | Estimated Amount (Without VAT ) |
|---|---|---|---|---|---|
| 1 | GUJMUN/NCB/ GOODS/05/2081-82 | The Procurement of Sanitary Pads. | 3000/- | 62,000.0 | 18,35,000/- |

**Chief Administrative Officer**

# ‘सीमानाकाको सुरक्षामा सशस्त्र प्रहरीको भूमिका महत्त्वपूर्ण’



**रौतहट/मस**–सशस्त्र प्रहरी बल ११ नं गण हेडक्वाटर रौतहटको १८औं स्थापना दिवस विभिन्न कार्यक्रमहरु गरी मनाइएको छ। सशस्त्र प्रहरी बल ११ नं.गण हेडक्वाटर हजमिनियाँमा आइतबार आयोजित कार्यक्रम प्रमुख अतिथि छिन्नमस्ता बाहिनी वर्दीवास महोत्तरीका निमित्त बाहिनीपति एसएसपी सूर्यसेन वलीकले उद्घाटन गरेका थिए । कार्यक्रमको उद्घाटन गर्दै उनले मन कर्म वचनले पाएका कार्यहरुलाई दायित्वबोध गरेर पूर्ण इमान्दारीका साथ पालना गर्नुपर्ने निर्देशन दिए ।

सीमा नाकाको सुरक्षा, राजस्व चुहावट नियन्त्रण, पिलरहरुको सुरक्षा, सीमा क्षेत्रमा हुने अवाञ्छित गतिविधिलाई पूर्ण रुपमा निष्तेज पार्न अहोरात्र खटेर अपराधदेखि राजस्व बढाउनमा महत्वपूर्ण भूमिका सशस्त्र प्रहरीको रहने भएको हुँदा उक्त कार्यमा पूर्ण इमान्दारीका साथ कर्तव्यनिष्ट भएर काम गर्नुपर्नेमा उनले जोड दिए।

राजदेवी नगरपालिकाको नगरप्रमुख भिखारी प्रसाद यादवले सशस्त्र प्रहरीकै कारण सीमानाकाहरु सुरक्षित रहेको तथा सीमा क्षेत्रका गाउँहरुमा भारतीय अपराधीहरुले विगतका दिनमा अपराधिक घटनाहरु घटाउने कार्यहरु अहिले पूर्ण रुपमा बन्द रहेको हुँदा सशस्त्र प्रहरीको कार्यशैलीको प्रशंसा गर्दै आभार व्यक्त गरे ।

साथै १८औं स्थापना दिवसको सुखद उपलक्ष्यमा सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारी परिवारको उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना दिए । सशस्त्र प्रहरी बल ११ नं गणका गणपति एवं सशस्त्र प्रहरीका एसपी सन्तोषकुमार बस्नेतले आफू आएदेखि नै अपराधदेखि लिएर अवैध हतियारसहित मानिस पक्राउ गरेको, सीमानाकामा हुने चोरी एवं राजस्व चुहावटको कार्यलाई नियन्त्रण गर्न मालसामानहरु निरन्तर रुपमा नियन्त्रणमा लिने कार्य गरेको बताए । यस्तै उनले अबैध हुण्डीको कारोवारीलाई नोटसहित पक्राउ गरेर कानुनी कारवाही गराएको हुँदा अझ प्रभावकारी बनाउन आम नागरिकहरुको सहयोगका अपेक्षा रहेको औंल्याए । कार्यक्रमा प्रदेश सांसद नागेन्द्र साह, सुरक्षा निकायका प्रमुखहरु, सर्लाही, पर्सा, बारा जिल्लाका सशस्त्र प्रहरीका एसपीहरु, सशस्त्र प्रहरी प्रशिक्षालय पथलैयाका एसपी संजय मण्डल, विभिन्न गैर सरकारी संघ संस्थाहरुको प्रमुख एवं प्रतिनिधिहरु, पूर्व सशस्त्र प्रहरीहरु सहित सशस्त्र प्रहरी परिवारको उपस्थिति रहेको थियो ।

# बाढी–पहिरोको पूर्वसूचना दिन साइरन जडान



**मनाङ/मस**–नासौँ गाउँपालिका-१ तालगाउँमा मर्स्याङ्दी नदी तटीय क्षेत्रका बासिन्दालाई प्राकृतिक विपद्बाट बचाउन मानव विकास तथा सामुदायिक सेवा केन्द्र (एचडिसिएस) ले बाढीसम्बन्धी सूचना दिने साइरन जडान गरेको छ ।

गाउँपालिका र एचडिसिएसको सहकार्यमा रु २६ लाखको लागतमा तालगाउँमा साइरन जडान गरेपछि स्थानीय विपद्बाट बच्ने भन्दै खुसी भएका छन् ।

१ असार २०७८ मा मनाङमा भीषण वर्षा भयो। वर्षासँगै आएको बाढीले मर्स्याङ्दी नदी किनारका कैयौँ स्थानीयलाई घरबारविहित बनायो। बाढीले क्षतिग्रस्त भएपछि लामो समयसम्म गाउँले पालमुनि बस्न बाध्य भएका थिए ।

बाढीले सबैभन्दा बढी नासौँ गाउँपालिका-१ ताल गाउँमा क्षति पुऱ्याएको थियो । नासौँ-१ का वडाध्यक्ष मीनरासी गुरुङका अनुसार तालगाउँमा ६३ परिवार छन्। मर्स्याङ्दी नदी किनारसँगैको बस्ती भएकाले यहाँका अधिकांश घरमा बाढी पसेको थियो ।

पटक-पटक बाढी आउँदा लाखौँको धनमाल गुमाएका तालगाउँवासीले अब विपद् आउनु पूर्व सूचना पाउने भएपछि खुसी भएका हुन् ।

वडाध्यक्ष मीनरासी गुरुङले साइरन जडानपछि वर्षाको समयमा गाउँले ढुक्कसँग निदाउन पाउने भएको भन्दै खुसी व्यक्त गरे । लमजुङसँग सीमा जोडिएको तालगाउँलाई विपद्बाट जोगाउन पूर्व सूचना दिने साइरन जडान गरिएको एचडिसीएसका मनोसामाजिक परामर्शदाता शोभा ठकुरीले जानकारी दिए । उनका अनुसार नासौँ-८ को धारापानीमा राखिएको एक यन्त्रले मर्स्याङ्दी नदीमा पानीको सतह मापन गर्नेछ।

स्वचालित उक्त यन्त्रले मर्स्याङ्दी नदीमा खतराको सतह पार गरेको सङ्केत गर्नासाथ साइरन बज्न थाल्ने ठकुरीले बताए। साइरन तालगाउँभरि सुनिने गरी राखिएको छ। साइरनसँगै खतराको सङ्केतको सूचना मोबाइल एसएमएसबाट पनि जाने प्रबन्ध गरिएको उनले उल्लेख गरे ।

यदी विद्युत् आपूर्ति बन्द भएमा, इन्टरनेट बन्द भएमा पनि कटुवालमार्फत खतरासम्बन्धी सूचना गाउँलेले थाहा पाउने छन्। स्थानीय सुरक्षित स्थानतर्फ जान सक्ने प्रबन्ध गरिएको ठकुरीले जानकारी जानकारी दिए ।

सुरक्षित स्थानका लागि स्थानीय फुटबल खेल मैदानलाई प्रयोग गर्नेगरी स्थानीय गाउँमा रहेको मर्स्याङ्दी युवा क्लबसँग समन्वय गरिएको छ। यसअघिको डुबानका बेलामा पनि उक्त ठाउँमा पानी सतह पुग्न सकेको थिएन ।

साइरन जडानपछि स्थानीय जनप्रतिनिधि, आमा समूह, युवा क्लबका पदाधिकारी, प्रहरी र स्वास्थ्य चौकी तथा स्थानीय बासिन्दालाई एक दिने प्राथमिक मनोसामाजिक सहयोगसम्बन्धी तालिम पनि दिइएको थियो ।

# दमकल किन्ने पैसाले नगरपालिकाले किन्यो स्कार्पियो



**परासी/मस**-दमकल नभएर आगलागी नियन्त्रण हुन नसक्दा लाखौँको धनमाल नष्ट भइरहँदा पाससीको सुनवल नगरपालिकाले कार्यालय प्रयोजनका लागि भन्दै नयाँ स्कारपियो गाडी किनेको हो।

स्थानीयको दमकल किन्ने मागलाई बेवास्ता गर्दै आफ्नो सुविधाका लागि नगरप्रमुखको निर्देशनमा नगरपालिकाले गाडी खरिद गरेको हो ।

सरकारले अनावश्यक खर्च कटौती र अत्यावश्यक बाहेक अन्य अवस्थामा सवारीसाधन खरिद नगर्ने नीति लिएको समयमा नगरपालिकाले सवारी खरिद गरेपछि चौतर्फी विरोध भएको छ । बजेट अभाव देखाउने नगरपालिकाले जनप्रतिनिधिका लागि भने सुविधा सम्पन्न सवारी किनेको भन्दै स्थानीयले विरोध जनाएका छन् ।

नगरपालिकाले ‘क्लासिक एस मोडलको’ २ वटा स्कोरपियो १ करोड २२ लाखमा खरिद गरेको हो। नगरपालिकाका प्रवक्ता कृष्णप्रसाद बगालेका अनुसार कार्यपालिका बैठकबाट गाडी किन्ने निर्णय गरेकाले कार्यालय प्रयोजनको लागि खरिद गरेको बताए। नगरमा दमकल अत्यावश्यक रहेको बताउँदै बगालेले दमकल खरिद गर्ने विषयमा पनि छलफल भइरहेको बताए ।

चालु आर्थिक वर्ष २०८१/०८२ का लागि कर्मचारी तालिम खर्च, मेसिनरी गाडी तथा औजार, फर्निचर, फिक्स्चर र पुँजीगतलगायत पाँच शीर्षकको खर्चमा कटौती गर्न मन्त्रालयले परिपत्र गरेको थियो । नगरपालिकाले खरिद गरेको उक्त स्कारपियो समानीकरण अनुदान शीर्षकको रकमबाट हो । पुँजीगत खर्चको निःशर्त अनुदानअन्तर्गत पर्ने समानीकरण रकमबाट नगरपालिकाले आफैं निर्णय गरेर विभिन्न योजना र कार्यक्रममा खर्च गर्न पाउँछन् । तर, मन्त्रालयले उक्त शीर्षकमा खर्च कटौती गर्दा गर्दै नगरपालिकाले अति आवश्यक बाहेकको गाडीमा खर्च गरेको हो ।

समानीकरण अनुदानको रकममध्येबाट १ करोड ३० लाखमा दुई वटा स्कारपियो गाडी खरिद गरेको प्रमुख प्रशासकीय अधिकृत शेषकान्त पौडेलले बताए ।

गाडी खरिद गर्ने विषयमा नगर प्रमुख विमला अर्याल, कार्यालय प्रमुखलाई आफूले आवश्यक परे अहिलेलाई एउटा गाडी खरिद गर्न सुझाव दिए पनि नमानेर दुईवटा खरिद गरेको उपप्रमुख सूर्यप्रसाद दुबेले दाबी गरे ।

गत माघमा सुनवल नगरापलिका-१२ भुमहीमा टायर गोदाममा आगलागी हुँदा लाखौंको क्षति पुगेको थियो । यसअघिका वर्षमा पनि नगरमा आगलागी हुँदा छिमेकी पालिकाबाट दमकल बोलाउनुपर्दा क्षति बढी हुने गरेको भन्दै नगर प्रमुख अर्यालले दमकल खरिद गर्ने घोषणा गरेकी थिइन् । तर, अहिले दमकलको साटो सुविधा सम्पन्न सवारी किनेपछि चौतर्फी विरोध भएको हो ।

स्थानीय सरकार

**दुहवी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

दुहवी, सुनसरी

कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८२/०१/१५**

यस कार्यालयबाट प्रकाशित सूचना अनुसार विभिन्न निमाण कार्य गर्नको लागि आव्हान भएको बोलपत्रको सूचना बमोजिम प्राप्त हुन आएका बोलपत्रदाताहरुबाट निम्नानुसारको स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ दफा २७ (२) बोजिम बोलपत्र स्वीकृत गर्न ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र. स. | विवरण | ठेक्का नं. | छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम भ्याट समेत |
|---|---|---|---|---|
| १ | Construction and Maintenance work (Sub-Base|) from duhabi inarwa road budhha marg to north muktinath mandir upto petrol pump | (DM/SQ/ work/2081/082-29) | A.B.Nirman Sewa, Duhabi, Sunsari | रु. 7,14,839.13 |
| २. | Construction and maintenace of Asphalt concrete Road at duhabi-12 keshaliya Bugdhari Road | (DM/NCB/ WORK/2081/082-26) | Ritik Nirman Sewa, Bhokraha Nursing-5, Sunsari | रु. 33,91,808.00 |

**मोलुङ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

प्राप्चा, ओखलढुंगा

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः– २०८२/०१/१५**

यस मोलुङ गाउँपालिकाको कार्यालयले विभिन्न मिति २०८०/१२/०५ मा तपसिल बमोजिमको कार्यको बोलपत्र आह्वानको प्रकाशित सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका दरभाउपत्रहरु मध्ये तपसिल बमोजिमका दरभाउपत्रहरु न्युनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राहि देखिएको हुदाँ सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः–**

| क्र.स. | ठेक्का नं. | कार्यको विवरण | छनौट भएको दरभाउपत्र दाताको नाम | कबोल गरेको रकम रु. (भ्याट सहित ) |
|---|---|---|---|---|
| 1 | 06/NCB/WORKS /MRM/081/82 | Sepli Waterfall Tourism Infrastructure Development Project | Santosh Contractor &Suppliers Pvt. Ldt Joint Venture Name: SCSPL-ABPL JOINT VENTURE | 1,37,59,934.79 |

**प्रमुख प्रशासकीय अधिकृत**

**Karnali Provincial Government**

**Ministry of Social Development**

**Health Service Office**

**Mugu Nepal**

**Invitation for Bids (IFB No: 04-081/082)**

**Date of First Publication: 2082/01/15 (28th April 2025)**

1. Health Service Office (HSO), Mugu invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.

| S. N. | Contract Title/Address | Contract Identification Number | Estimated Amount with VAT (NRs) | Bid Security Amount (NRs.) | Bid Validity & Bid Security Validity Period | Bid Document Fees (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | Health Service Office Mugu Purchase of Ventilators And ICU Supplies For Fy 2081/082 | Hso/Mugu/Goods/ NCB- 04-081/082 | 29,61,667,00 | 88,000 | 90/120 Days | 30,000 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Health service Office mugu Mobile number 9847421923, 9843521738 or may visit office websit.www.hsomugu.karnali.gov.np & PPMO website:www.holpatra.gov.np/egp.

**लुङ्ग्री गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

बडाचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मितिः २०८२/०१/१४**

यस कार्यालयबाट निम्न खरिद कार्यको ठेक्का आह्वान भए अनुसार विद्युतिय बोलपत्र प्रणाली मार्फत दाखिला भएका मध्ये तपसिलमा उल्लेखित अनुसारको न्यूनतम मूल्याङ्कित भई सारभुत रुपमा प्रभावग्राही देखिएकोले स्वीकृतिको लागि छनौंट भएको हुदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| कामको विवरण र ठेक्का नं. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक |
|---|---|---|
| Construction of Pang Health Post Building; LRM/ROL/W/NCB/12/2081/2082 | D.W. Oli Brothers Order And Suppliers Pvt. Ltd., Pyuthan Municipality-08 | 7,887,024.04/- (Seven Million eight hundreds eighty seven thousands twenty four rupees and four paisa only) |

**प्रमुख प्रशासकीय अधिकृत**

# सुरक्षा व्यवसायी संगठनमा नयाँ नेतृत्व



**काठमाडौं/मस**-सुरक्षा व्यवसायीहरूको हक अधिकारका सवालमा काम गर्दै आएको सुरक्षा व्यवसायी संगठन नेपालको १७औं वार्षिक साधारण सभा तथा अधिवेशन भव्यताकासाथ सम्पन्न भएको छ । ललितपुरस्थित गोदावरीमा भएको अधिवेशनबाट खेमराज भण्डारीको नेतृत्वमा विधानत नयाँ कार्यसमिति चयन भएको हो ।

हाल १३ जनाको नयाँ कार्यसमिति सर्वसहमतिमा चयन गरिएको प्रमुख निर्वाचन अधिकृत तीर्थराज पराजुलीले जानकारी दिए । संगठनको उपाध्यक्षहरूमा भोजकुमार श्रेष्ठ, प्रमोद आचार्य, सबल चन्द्र शाह रहेका छन् । त्यस्तै महासचिवमा विष्णु प्रसाद तिमल्सिनालाई निर्वाचित गरिएको छ। सचिवमा विजयकुमार तामाङ, सह-सचिवमा अच्युतराज गौतम र कोषाध्यक्षमा उद्धव चमरेल निर्वाचित भएका थिए । त्यस्तै सदस्यहरूमा नारायणप्रसाद श्रेष्ठ, ओमप्रसाद धमला, दीपक सेढाई, महेशकुमार कुशवाहा र ईश्वरप्रसाद पौडेल रहेकोसुरक्षा व्यवसायी संगठन नेपालले जनाएको छ।

संस्थाका पूर्व अध्यक्ष विष्णु प्रसाद आचार्यको प्रमुख आतिथ्यतामा भएको साधारणसभामाले विगतमा भएगरेका गतिविधि, आर्थिक तथा सांगठनीक प्रतिवेदन समेत पारित गरिएको संगठनले जनाएको छ । प्राइभेट क्षेत्रबाट विभिन्न कम्पनी, बैंक वित्तियसंस्था तथा कार्यालयको सुरक्षार्थ खटिएका ४ सय भन्दा बढी सुरक्षाकर्मीहरू यो संगठनमा आबद्ध गरेका छन् । सेक्युरेटी कम्पनी दर्ता गर्दा केही उद्देश्य र अधिकारहरू प्राप्त भएपनि नेपाल सरकारले कम्पनी नवीरकण र उद्देश्य अनुसार नियमित काम गर्ने कुरामा अप्ठ्यारो पार्दै आएको विषयले साधारणसभामा प्राथमिकता पाएको नव निर्वाचित उपाध्यक्ष भोजकुमार श्रेष्ठले बताए ।

सामाजिक सुरक्षाकोषमा समेत सबैभन्दा बढी रकम तिर्ने सेक्युरेटी कम्पनी भएपनि सरकारले यसलाई हेर्ने दृष्टिकोण अझै सकारात्मक हुन नसकेको उनको भनाइ छ। यी सबै विषयमा सरकारी निकाय र सुरक्षा व्यवसायी कम्पनीहरूबीचको समन्वय र सहकार्यमा आगामी दिनमा काम गर्ने वातावरण बनाउनका लागी पहल गर्ने नयाँ कार्यसमितिको योजना रहेको नवनिर्वाचित अध्यक्ष खेमराज भण्डारीलाई उद्दृत गर्दै उपाध्यक्ष श्रेष्ठले बताए ।

सभामा प्रमुख अतिथि विष्णुप्रसाद आचार्यले नयाँ कार्यसमितिलाई शुभकामना व्यक्त गर्दै सुरक्षा व्यवसायको समृद्धिका लागि नवीन दृष्टिकोण र समर्पणकासाथ अघि बढ्न प्ररित गरेका छन् । नवनिर्वाचित अध्यक्ष खेमराज भण्डारीले आगामी दिनमा सुरक्षा कम्पनीहरूलाई आफ्नो उद्देश्य अनुरुप काम गर्ने वातावरण निर्माण गर्न संगठनले काम गर्ने प्रतिबद्धता जनाएका छन् । साधारण सभामा अध्यक्ष रहेका उद्धवराज डल्लाकोटीले विगत वर्षको संगठनात्मक गतिविधि पेश गरेक थिए भने सचिव विजयकुमार तामाङले आर्थिक प्रतिवेदन पेश गरेका थिए ।

# नागरिक केन्द्रित सेवा प्रवाहलाई प्राथमिकतामा राख्न महानिरीक्षक थापाको निर्देशन




**काठमाडौं/मस**-प्रहरी महानिरीक्षक दिपक थापाले नागरिक केन्द्रीत सेवा प्रवाहलाई प्राथमिकतामा राखी प्रहरी कर्मचारीहरूले आफूलाई प्राप्त जिम्मेवारी उत्कृष्ट ढंगले सम्पादन गर्नुपर्ने बताएका छन् ।

हालै सरूवा भइ आ-आफ्नो कार्यक्षेत्रमा खटि गएका प्रहरी नायव उपरीक्षकहरू र प्रहरी निरीक्षकहरूलाई आइतबार नेपाल प्रहरी प्रधान कार्यालयमा निर्देशन सम्बोधनको क्रममा उत्कृष्ट कार्य सफलताको शुभकामना दिँदै प्रहरी महानिरीक्षक थापाले उक्त कुरा बताएका हुन् ।

प्रहरी महानिरीक्षक थापाले हाल समाजमा देखा परेका चुनौतिहरूलाई अवसरको रूपमा लिई उच्च व्यावसायिकता प्रदर्शन गर्नुपर्नेमा जोड दिँदै व्यक्तिगत स्वार्थ भन्दा सांगठनिक स्वार्थलाई केन्द्रबिन्दुमा राखेर संगठनलाई थप बलियो र सुदृढ बनाउन चेन अफ कमाण्डभित्र रहेर सामूहिक प्रयासमा केन्द्रीत हुनुपर्ने बताए ।

संगठनको नीति निर्देशनलाई प्रभावकारी कार्यान्वयन गर्दै सांगठनिक लक्ष्य हासिल गर्न सम्पूर्ण प्रहरी कर्मचारीहरू सक्रिय भई कार्यसम्पादन गर्न उनले निर्देशन दिए । प्रहरी महानिरीक्षक थापाले लागूऔषध, साइबर अपराध, सीमा क्षेत्रमा हुने अपराध लगायतका आपराधिक गतिविधि नियन्त्रणमा विशेष चनाखो भइ कार्यसम्पादन गर्नुपर्ने उल्लेख गर्दै तस्करी नियन्त्रणमा समेत प्रभावकारी र परिणाममुखी ढंगबाट परिचालन हुन निर्देशन दिए । आ-आफ्नो जिम्मेवारीको क्षेत्रहरूमा सुरक्षा व्यवस्थापन एवम् विपद् व्यवस्थापनको निम्ति सरोकारवाला सबै पक्षहरूसँग समन्वय र सहकार्य गरी कार्यसम्पादन गर्नुपर्नेमा जोड दिँदै नयाँ जिम्मेवारीलाई नविन ढंगले सम्पादन गरी आफूलाई रोल मोडलको रूपमा प्रस्तुत गर्न उपस्थित प्रहरी अधिकृतहरूलाई उहाँले निर्देशन समेत दिए ।

**तेस्रो त्रैमासिक समीक्षा सम्पन्न**

प्रहरी महानिरीक्षक थापाको उपस्थितिमा नेपाल प्रहरी कार्ययोजना, २०८० तथा चालु आर्थिक वर्ष २०८१/०८२ को कार्यसम्पादन सम्झौताको तेस्रो त्रैमासिक कार्य प्रगति समीक्षा कार्यक्रम आइतबार नेपाल प्रहरी प्रधान कार्यालयमा सम्पन्न भएको छ । कार्यक्रममा प्रहरी महानिरीक्षक थापाले सांगठनिक हित र संस्थागत विकासका निमित्त संगठनका प्राथमिकताहरू पहिचान गरी नेपाल प्रहरी कार्ययोजना तयार गरिएको उल्लेख गर्दै कार्ययोजनामा भएका क्रियाकलापहरूलाई गुणस्तरीय रूपमा सम्पादन गर्नुपर्ने बताए । वार्षिक लक्ष्य हासिल गर्न आगामी महिनाहरूमा बाँकी सम्पूर्ण क्रियाकलापको कार्यान्वयनमा थप तीव्रता दिन आवश्यक रहेको उनले उल्लेख गरे । प्रहरी महानिरीक्षक थापाले अपराधको रोकथाम, नियन्त्रण तथा अनुसन्धान, शान्ति सुरक्षा व्यवस्थापन, ट्राफिक व्यवस्थापन, विपद् व्यवस्थापन लगायतका प्रहरी कार्यलाई थप प्रभावकारी र व्यवस्थित बनाउनका साथै प्रहरी कर्मचारीहरूको व्यवस्थापन तथा क्षमता अभिवृद्धि गर्ने र प्रशासनिक काम कारबाही चुस्त र प्रभावकारी बनाउन कार्ययोजना तथा कार्यसम्पादन सम्झौताको समीक्षाद्वारा आ-आफ्ना सुधारका क्षेत्रहरू पहिचान गरि आगामी दिनमा अझ उपलब्धीमूलक हुने विश्वास व्यक्त गरे । कार्यसम्पादन सम्झौतामा उल्लेख गरिएका कार्यहरूमा मात्र सीमित नरही यसका अतिरिक्त प्रहरी संगठनको वृहत्तर हित र कर्मचारीहरूको वृत्ति विकासका निम्ति अन्य नविनतम्, सृजनशील र रचनात्मक कार्यहरू गर्ने तर्फ अग्रसर हुन सबै प्रहरी कर्मचारीहरूलाई उनले आग्रह समेत गरे ।

समीक्षा कार्यक्रममा नेपाल प्रहरी प्रधान कार्यालय अन्वेषण योजना तथा विकास निर्देशनालयका प्रमुख प्रहरी नायव महानिरीक्षक ईश्वर कार्कीले नेपाल प्रहरी प्रधान कार्यालय अन्तर्गतका ५ वटै विभाग, राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंज, केन्द्रीय अनुसन्धान ब्यूरो, नेपाल प्रहरी अस्पताल, काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरी र सात वटै प्रदेश प्रहरी कार्यालयहरूको समग्र कार्ययोजना तथा कार्यसम्पादन सम्झौता प्रगति समिक्षा सम्बन्धी प्रस्तुतीकरण गरेका थिए ।


## युएईमा रोजगार

कम्पनी: SOUNDLINES SKILLED MANPOWER — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०१/०७ — चलानी नं.: ६०२३३३२१ — L.T. No.: 319124

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Aluminium Fitter | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,५६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Blacksmith | 20 | 0 | | 1200 | ४४,५६८ | | | | | | | |
| 3. | Building Labour | 70 | 0 | | 800 | २९,७१२ | | | | | | | |
| 4. | Carpenter | 30 | 0 | | 1200 | ४४,५६८ | | | | | | | |
| 5. | Cleaners (Male) | 5 | 0 | | 1200 | ४४,५६८ | | | | | | | |
| 6. | Plumber | 25 | 0 | | 1200 | ४४,५६८ | | | | | | | |

कम्पनी: MBM GULF ELECTROMECHANICAL L.L.C — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०१/०८ — चलानी नं.: ६०२३६४१६ — L.T. No.: 322281

